कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# बेनी हाईड्रोपावर प्रोजेक्ट लिमिटेड

# BENI HYDROPOWER PROJECT LIMITED

का.म.न.पा. वडा नं. ०५, काठमाडौं ।
फोन नं. : ९७७-०१-४५११११५३
वेबसाइट : www.benihydro.com.np, इमेल : info.benihydro@gmail.com

को

(कम्पनी ऐन, २०६३ को दफा २३ को उपदफा (१) र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० को उपदफा (१) अन्तर्गत प्रकाशित)

## विवरण-पत्र

कम्पनीले आफ्नो जारी पूँजी रु. १,०४,००,००,०००/- (एक अर्ब चार करोड मात्र) को २०% अर्थात २०,८०,००० कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गर्नेछ । जसमध्ये यस विवरणपत्र मार्फत जारी पूँजीको १०% अर्थात रु. १०,४०,००,०००/- (दश करोड चालीस लाख रुपैंया मात्र) रकम बराबरको रु. १००/- अंकित दरका १०,४०,००० कित्ता साधारण शेयरमध्ये आयोजनाको अति प्रभावित क्षेत्र सोलुखुम्बु जिल्लाको हाल सोलुदुधकुण्ड नगरपालिका वडा नं २, ३ र ४ का स्थायी बासिन्दाहरुलाई ५,२०,००० कित्ता (५०%) शेयर, आयोजनाको प्रभावित क्षेत्र सोलुखुम्बु जिल्लाको हाल सोलुदुधकुण्ड नगरपालिका वडा नं. ५, ६, ७ र ११ का स्थायी बासिन्दाहरुलाई ३,१२,००० कित्ता (३०%) शेयर र उक्त आयोजनाको न्यून प्रभावित क्षेत्र अर्थात् आयोजनाको अति प्रभावित र प्रभावित क्षेत्रबाहेकको सोलुखुम्बु जिल्लाका अन्य क्षेत्रहरुका स्थायी बासिन्दाहरुका लागि बाँकी २,०८,००० कित्ता (२०%) शेयर निष्काशन गरी बिक्री वितरण गरिने छ । साथै, आयोजनाको प्रभावित क्षेत्र सोलुखुम्बु जिल्लाको बासिन्दाहरुलाई शेयर बाँडफाँड गरे पश्चात् सर्वसाधारणलाई जारी पूँजीको १०% अर्थात रु. १०,४०,००,०००/- (दश करोड चालीस लाख रुपैयाँ मात्र) रकम बराबरको रु. १००/- अंकित दरका १०,४०,००० कित्ता शेयर सार्वजनिक निष्काशन गरिनेछ । सो मध्ये १,०४,००० कित्ता वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई (१० प्रतिशत), २०,८०० कित्ता (२%) कर्मचारीहरुलाई र ५२,००० कित्ता (५%) सामूहिक लगानी कोषको लागि सुरक्षित गरी बाँकी ८,६३,२०० कित्ता साधारण शेयरहरुको सार्वजनिक निष्काशन गरिनेछ । साथै, आयोजना अति प्रभावित, प्रभावित तथा न्यून प्रभावित क्षेत्रका बासिन्दा, वैदेशिक रोजगारीमा रहेका नेपालीहरु, कर्मचारीहरु र सामूहिक लगानी कोषलाई निष्काशन गरिएको धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा उक्त धितोपत्र सर्वसाधारणमा निष्काशित गरिने धितोपत्रमा थप गरी बिक्री गरिनेछ ।

**दरखास्त साथ प्रति शेयर रु. १००/- को दरले (शतप्रतिशत) भुक्तानी माग गरिएको**

**संक्षिप्त वित्तीय विवरण**

| विवरण | वास्तविक | | | अपरिष्कृत* | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२ पौष मसान्तसम्म | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| **प्रति शेयर नेटवर्थ (रु.)** | ९६.७० | ७२.५६ | ९१.२७ | ११२.४३ | १०८.८७ | १२५.३६ | १४४.६८ |
| **प्रति शेयर आम्दानी (रु.)** | (१०.३४) | (२४.०८) | १८.७० | २१.१७ | १६.३४ | १६.४९ | १९.३२ |
| **संचित नाफा/नोक्सान (रु. हजारमा)** | (२७,४४६) | (२२८,२७७) | (७२,६५५) | १०३,४५८ | ९२,२४१ | २६३,७२५ | ४६४,६५१ |
| **नेटवर्थमा प्रतिफल (%)** | (१०.६९) | (३३.१९) | २०.४९ | १८.८३ | १५.०१ | १३.१५ | १३.३५ |

***लेखापरीक्षक तथा व्यवस्थापनबाट प्रमाणित २०८२ पौष मसान्तसम्मको अपरिष्कृत वित्तीय विवरण ।**

**विद्युत आयोजनाको नाम** : माथिल्लो सोलुखोला जलविद्युत आयोजना
**आयोजनाको कूल अनुमानित लागत :** रु.३,८५,५१,७५,०२७२० [{Interest during construction (IDC)}] सहित
**प्रति मेगावाट अनुमानित लागत :** आयोजनाको प्रति मेगावाट लागत रु. १९,४७,०५,८०९।४५ **विद्युत उत्पादन क्षमता :** १९.८ मेगावाट
**विद्युत उत्पादन अनुमतिको बाँकी अवधि :** अनुमतिपत्र बहाल रहने अवधि मिति २०७३/०५/१६ देखि २१०६/११/१६ सम्म रहेकोले २४ वर्ष बाँकी
**साधारण लगानी फिर्ता हुने अवधि (PBP) :** ५.७८ वर्ष **डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted PBP) :** ८.१५ वर्ष

### लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ग.८ (पृष्ठ नं. २० र २१) मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

### नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनको लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्र स्वीकृती प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा आयोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवार लिएको मानिने छैन ।

**संस्थापक तथा सञ्चालकहरु तथा संस्थापक शेयरधनीहरुका एकाघरको सदस्यलले समेत यस सार्वजनिक निष्काशनमा आवेदन दिन पाउने छैन ।**

### क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :

यस विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम ९ख. र "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेड, डिल्लीबजार, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०८२/११/०१ मा "[ICRANP-IR] BB+" प्रमाणपत्र प्राप्त गरेको छ । "[ICRANP-IR] BB+" ले Moderate risk of default regarding timely servicing of financial obligations जनाउँदछ । ईक्रा नेपाल लिमिटेडले [ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा [ICRANP-IR] AAA ले बलियो आधार जनाउँदछ र [ICRANP-IR] D ले कमजोर आधार जनाउँदछ । सो रेटिङ्गको वैद्यता अवधि २०८३/१०/२९ रहने छ । सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा २२ (ट) (पृष्ठ नं. ४३) मा उल्लेख गरिएको छ ।

**रेटिङ्ग प्रदान गरेको मिति : २०८२/११/०१** **रेटिङ्ग बहाल रहने मिति : २०८३/१०/२९**

***कम्पनीका संस्थापक शेयरधनीहरु तथा यस विवरणपत्र मार्फत निष्काशन भएका शेयरहरुमध्ये आयोजना अति प्रभावित, प्रभावित तथा न्यून प्रभावित क्षेत्रका बासिन्दा र कर्मचारीहरुलाई छुट्याइएको शेयर सर्वसाधारणमा बाँडफाँड भएको मितिले तीन वर्ष पूरा नभएसम्म अरु कसैलाई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन । साथै, यस विवरणपत्र मार्फत निष्काशन भएका शेयरहरुमध्ये सामूहिक लगानी कोषहरुलाई छुट्याइएको शेयर सर्वसाधारणमा बाँडफाँड भएको मितिले ६ महिना पूरा नभएसम्म बिक्री वितरण वा हस्तान्तरण गर्न पाइने छैन ।***

**विद्युत नियमन आयोगबाट कम्पनीको शेयरको सार्वजनिक निष्काशनको लागि सहमति प्रदान गरिएको मिति : २०८०/०२/०५**

**नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति : २०८२/१०/२९** **कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति : २०८२/११/०१**

| आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि | विदेशमा बसी रोजगार गरेका नेपालीहरुका लागि |
|---|---|
| निष्काशन खुल्ला हुने मिति : २०८२/१२/०१ गते (बैंकिङ्ग समय पश्चात्) | निष्काशन खुल्ला हुने मिति : २०८२/१२/०१ गते (बैंकिङ्ग समय पश्चात्) |
| निष्काशन बन्द हुने मिति (छिटोमा) : २०८२/१२/१५ गते (बैंकिङ्ग समय पश्चात्) | निष्काशन बन्द हुने मिति (छिटोमा) : २०८२/१२/०५ गते (बैंकिङ्ग समय पश्चात्) |
| निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०८२/१२/३० गते (बैंकिङ्ग समय पश्चात्) | निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०८२/१२/१५ गते (बैंकिङ्ग समय पश्चात्) |

***सर्वसाधारणहरुका लागि सार्वजनिक निष्काशन आयोजना अति प्रभावित, प्रभावित तथा न्यून प्रभावित क्षेत्रका बासिन्दाहरु र वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको शेयर बाँडफाँड पश्चात् सूचना प्रकाशित गरी जानकारी गराईनेछ ।***

### धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :

NMB CAPITAL
एनएमबि क्यापिटल
बालुवाटार, काठमाडौं
फोन : ९७७-१-४५३७९६३
इमेल: info@nmbcl.com.np, वेबसाइट: www.nmbcl.com.np

## ख.१. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

क) **"विवरणपत्र"** भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिकालाई सम्झनु पर्दछ।

ख) **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाडौंलाई सम्झनु पर्दछ।

ग) **"धितोपत्र"** भन्नाले संगठित संस्थाले जारी गरेको शेयर, स्टक, बण्ड, डिवेन्चर, डिवेन्चर स्टक वा सामुहिक लगानी योजना सम्बन्धी प्रमाणपत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋणपत्र, वचतपत्र वा बण्ड सम्झनुपर्छ र सो शब्दले धितोपत्र बजार मार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने भनी बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरीद, बिक्री वा विनिमय गर्न सक्ने अधिकारपत्र समेतलाई जनाउँदछ।

घ) **"संगठित संस्था/कम्पनी"** भन्नाले निष्काशनकर्ता कम्पनी बेनी हाईड्रोपावर प्रोजेक्ट लिमिटेड, काठमाडौं वडा नं. ०५ सम्झनु पर्दछ।

ङ) **"संकलन केन्द्र"** भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फाराम प्राप्त गर्न सकिने तथा दरखास्त फाराम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरुलाई सम्झनु पर्दछ।

च) **"आयोजना"** भन्नाले कम्पनीद्वारा निर्माण सम्पन्न गरेको १९.८ मेगावाट जडित क्षमताको माथिल्लो सोलु खोला जलविद्युत आयोजना जनाउँदछ।

छ) **"आधारभूत शेयरधनी"** भन्नाले कम्पनीको चुक्ता पूँजीको १ प्रतिशत वा सो भन्दा बढी शेयर धारण गरेका शेयरधनी भन्ने सम्झनु पर्दछ।

ज) **"साधारण लगानीमा फिर्ता हुने अवधि"** भन्नाले लगानीकर्ताहरुले लगानी गरेको लगानी फिर्ता हुने अवधि भन्ने बुझ्नुपर्दछ।

झ) **"डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि"** भन्नाले आयोजनाको भविष्यमा हुने नगद प्रवाहलाई Weighted Average Cost of Capital (WACC) को आधारबाट डिस्काउण्ट गरेर आजको लगानी लागतमा ल्याउन लाग्ने समय बुझ्नुपर्दछ। [The discounted payback period is the amount of time that it takes for the initial cost of a project to equal the discounted value of expected cash flows.]

ञ) **"खुद सम्पत्ति (नेटवर्थ)"** भन्नाले नेपाल वित्तीय प्रतिवेदन मान अनुसार संगठित संस्थाको चुक्ता पूँजी तथा जगेडा कोषहरुको कुल जोडमा सञ्चित नोक्सानीको कुल रकम र अपलेखन गर्न बाँकी स्थगन र विविध खर्चहरु तथा ख्याति घटाई बाँकी रहन जाने खुद सम्पत्ति (नेटवर्थ) रकम सम्झनु पर्छ।

ट) **"धितोपत्र प्रत्याभूतिकर्ता"** भन्नाले धितोपत्र व्यवसायी (मर्चेण्ट बैंकर) नियमावली, २०६४ को नियम १६ को खण्ड (ख) बमोजिमको धितोपत्र प्रत्याभूति (अण्डरराइटिङ्ग) को कार्य गर्न अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी श्री प्रभु क्यापिटल लिमिटेडलाई सम्झनु पर्दछ।

ठ) **"वित्तीय विवरण"** भन्नाले संगठित संस्थाको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिवर्तनको विवरण र लेखा नीति तथा लेखासँग सम्बन्धित टिप्पणीहरु समेत जनाउँदछ।

ड) **"प्रति शेयर आम्दानी"** भन्नाले कम्पनीको खुद नाफालाई जम्मा कायम साधारण शेयरले भाग गर्दा आउने भागफललाई जनाउँदछ।

ढ) **"प्रति शेयर नेटवर्थ"** भन्नाले कम्पनीको वासतालमा रहेको शेयर पूँजी, शेयर प्रिमियम तथा जगेडा कोष लगायतका कुनै पनि प्रकारको सञ्चित कोषको कुल जोडलाई जम्मा साधारण शेयर संख्याले भाग गर्दा आउने भागफललाई जनाउँदछ।

ण) **"विप्रेषण (रेमिटान्स) बचत खाता"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपाली नागरिकको नेपाल धितोपत्र बोर्डबाट धितोपत्र खरीद दरखास्त संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा सम्बन्धित व्यक्तिको नाममा रहेको विप्रेषण (रेमिटान्स) बचत खाता सम्झनु पर्दछ।

त) **"निष्काशन बैंक"** भन्नाले सार्वजनिक निष्काशनबाट संकलन हुन आएको रकमलाई जम्मा गर्नको लागि तोकिएको वाणिज्य बैंक वा राष्ट्रिय स्तरको विकास बैंकलाई सम्झनु पर्दछ।

थ) **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय तथा विद्युत नियमन आयोगलाई सम्झनु पर्दछ।

द) **"संस्थापक, संचालक, प्रमुख कार्यकारी अधिकृत तथा व्यवस्थापन"** भन्नाले यस कम्पनीका संस्थापक, संचालक, कार्यकरी प्रमुख तथा व्यवस्थापनलाई सम्झनु पर्दछ।

ध) **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ।

न) **"वैदेशिक रोजगारीमा रहेका नेपाली"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुलाई सम्झनु पर्दछ।

प) **"आयोजना अति प्रभावित क्षेत्र"** भन्नाले हाल सोलुदुधकुण्ड नगरपालिका वडा नं २, ३ र ४ का स्थायी बासिन्दाहरुलाई जनाउँदछ।

फ) **"आयोजना प्रभावित क्षेत्र"** भन्नाले हाल सोलुदुधकुण्ड नगरपालिका वडा नं. ५, ६, ७ र ११ का स्थायी बासिन्दाहरुलाई जनाउँदछ।

ब) **"न्यून प्रभावित क्षेत्र"** भन्नाले आयोजनाको अति प्रभावित क्षेत्र र प्रभावित क्षेत्रबाहेकको सोलुखुम्बु जिल्लाका अन्य क्षेत्रहरुमा स्थायी बसोबास गर्ने नेपाली नागरिकलाई जनाउँदछ।

## ख.२ विवरणपत्र तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :

**क) विवरणपत्र प्राप्त गर्ने स्थानहरु :**

| क्र. सं. | कम्पनीको नाम र ठेगाना | वेबसाइट |
|---|---|---|
| १ | एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाडौं। | www.nmbcl.com.np |
| २ | बेनी हाईड्रोपावर प्रोजेक्ट लिमिटेड, काठमाडौं महानगरपालिका वडा नं. ०५। | www.benihydro.com.np |

साथै, नेपाल धितोपत्र बोर्डको वेबसाइट : www.sebon.gov.np बाट समेत यस निष्काशनको स्वीकृत विवरणपत्र हेर्न सकिनेछ।

**ख) दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थानहरु :**

**१) आयोजना अति प्रभावित, प्रभावित तथा न्यून प्रभावित क्षेत्रका स्थानिय बासिन्दाकालागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :**

| क्र. सं. | विवरण |
|---|---|
| १ | नेपाल धितोपत्र बोर्डबाट सि-आस्बा (C-ASBA) सदस्य प्राप्त गरेका सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु |
| २ | एनएमबि बैंक लिमिटेड, सल्लेरी शाखा, सोलुखुम्बु |
| ३ | लक्ष्मी सनराइज बैंक लिमिटेड, सल्लेरी शाखा, सोलुखुम्बु |
| ४ | ग्लोबल आइएमई बैंक लिमिटेड, सोलुखुम्बु शाखा |
| ५ | प्राइम कमर्सियल बैंक लिमिटेड, नेचा सल्यान शाखा, सोलुखुम्बु |

**२) वैदेशिक रोजगारीमा रहेका नेपालीहरुकालागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :** नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

**३) सर्वसाधारणकोलागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :** नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

आयोजना अति प्रभावित, प्रभावित तथा न्यून प्रभावित क्षेत्र सोलुखुम्बु जिल्लाका स्थानीय बासिन्दाले तोकिएको संकलन केन्द्र मार्फत भौतिक रुपमा शेयर खरीद आवेदन प्राप्त गर्नका लागि दरखास्त फाराम वापत रु. २/- (दुई रुपैयाँ) शुल्क बुझाउनु पर्नेछ। आयोजना अति प्रभावित, प्रभावित तथा न्यून प्रभावित क्षेत्रका बासिन्दाका लागि दरखास्त फाराम एनएमबि क्यापिटल लिमिटेडको वेबसाइट www.nmbcl.com.np बाट समेत डाउनलोड गर्न सकिन्छ।

**ग.१. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई बेनी हाईड्रोपावर प्रोजेक्ट लिमिटेड तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिकालागि नेपाल धितोपत्र बोर्डमा ऐन र नियमावली अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

**ग.२. संगठित संस्थाको उद्घोषण :**

**ग.२क) संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुको सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सोसँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यता प्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ग.२ख) संगठित संस्थाको जवाफदेहीता सम्बन्धी उद्घोषण :**

यस बेनी हाईड्रोपावर प्रोजेक्ट लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक कम्पनीको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहिता कम्पनीमा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सोको जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग.२ग) नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तै : कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल विद्युत प्राधिकरण, विद्युत नियमन आयोग, आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै, सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा पेश गरेका छौं ।

कम्पनी ऐन, २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गर्नुपर्ने विवरणहरु पेश गरेको हुनाले कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८२/०५/२२ मा प्राप्त पत्र अनुसार यस कम्पनी आर्थिक वर्ष २०८१/८२ सम्म कम्पनी रजिष्ट्रारको कार्यालयमा अद्यावधिक रहेको छ । यस कम्पनीले साधारण शेयर निष्काशन गर्नका लागि विद्युत नियमन आयोगबाट मिति २०८०/०२/०५ गते स्वीकृति प्राप्त गरिसकेको जानकारी गराउँदछौं । साथै, यस कम्पनीले आन्तरिक राजस्व विभागबाट मिति २०८२/१०/१२ गते आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्र प्राप्त गरी सो वर्षसम्मको कर विवरण अद्यावधिक गरिसकेको छ ।

**ग.२घ) संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उदघोषण :**

(१) यस कम्पनीका संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।
(२) यस कम्पनीका सञ्चालक वा प्रमुख कार्यकारी कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा प्रमुख कार्यकारी रहेका छैनन् ।
(३) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख यस कम्पनीको संचालक वा कार्यकारी प्रमुख छैनन् ।
(४) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।
(५) यस कम्पनीको संचालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम संचालक वा प्रमुख कार्यकारी हुन अयोग्य रहेका छैनन् ।

**ग.३. संगठित संस्था सम्बन्धी जानकारी :**

**ग.३.क) संगठित संस्थाको पृष्ठभूमि :**

**(क) संस्थाको नाम :**

बेनी हाईड्रोपावर प्रोजेक्ट लिमिटेड (Beni Hydropower Project Limited)

**(ख) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :**

कम्पनी ऐन, २०६३

**(ग) संस्थाको रजिष्टर्ड ठेगाना :**

यस कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. ०५ मा रहेको छ।

**(घ) कारोबार गर्ने मुख्य स्थान :**

यस बेनी हाईड्रोपावर प्रोजेक्ट लिमिटेडको आयोजना स्थल, जलविद्युत उत्पादन केन्द्र तथा अन्य भौतिक पूर्वाधारहरु सोलुखुम्बु जिल्ला स्थित हाल सोलु दुधकुण्ड वडा नं. २ र ३ (साविक बेनी, तामाखानी र सल्लेरी गा.वि.स. वडा नं. २, ३ र ४) गाउँपालिकामा रहेको छ।

**(ङ) संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :**

१. जलविद्युत आयोजनाको विकास, निर्माण र संचालन गर्ने मुख्य उद्देश्यका साथ कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६३/०७/२४ मा बेनी हाईड्रोपावर प्रोजेक्ट प्रा. लिमिटेडको स्थापना भएको हो। प्राइभेट लिमिटेडको रुपमा दर्ता भएको यो कम्पनी मिति २०७८/०३/३१ मा प्रा. लि. बाट पब्लिक लिमिटेडमा परिणत भएको छ। यस कम्पनीले मिति २०७९/०६/१४ बाट कम्पनी रजिष्ट्रार कार्यालयबाट कारोबार स्वीकृति प्राप्त गरी कारोबार संचालन गर्दै आएको छ।

२. कम्पनीले स्थापना भए पश्चात् सोलुखुम्बु जिल्लाको सोलु दुधकुण्ड नगरपालिका हुँदै बग्ने सोलु र जुनवेशी खोलाको पानी प्रयोग गरी कुल १९.८ मेगावाट क्षमताको माथिल्लो सोलु खोला जलविद्युत आयोजनबाट विद्युत उत्पादन गरिरहेको छ।

३. विद्युत खरिद-बिक्री सम्झौता सम्पन्न गरेसँगै कम्पनीले माथिल्लो सोलु खोला जलविद्युत आयोजना (१८ मेगावाट) को निर्माण गर्नको लागि विद्युत ऐन, २०४९ अनुसार मिति २०७३/०५/१६ मा नेपाल सरकार उर्जा मन्त्रालय अन्तर्गत विद्युत विकास विभागबाट विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त गर्यो। साथै, मिति वि.स. २०७९/११/०४ गते नेपाल सरकार, विद्युत विकास विभागबाट उक्त अनुमतिपत्रलाई संशोधन गरी विद्युत उत्पादन क्षमतालाई १९.८ मेगावाट कायम गरेको छ। उक्त अनुमतिपत्र बहाल रहने अवधि मिति २०७३/०५/१६ देखि मिति २१०६/११/१६ सम्म रहेको छ।

४. माथिल्लो सोलु खोला जलविद्युत आयोजनाबाट उत्पादन हुने विद्युत बिक्री गर्न कम्पनीले मिति २०७७/०४/१५ मा विद्युत प्रसारणको अनुमतिपत्र प्राप्त गरेको छ। सो अनुमति पत्र मिति २०७७/०४/१५ देखि २१०२/०४/१४ सम्म बहाल रहने छ।

५. आयोजनाबाट उत्पादित विद्युत ११ कि.मि. लामो १३२ के.भि. प्रसारण लाइन मार्फत सोलुखुम्बु जिल्लाको हाल सोलु दुधकुण्ड वडा नं. ३ (साविक तामाखानी गा.वि.स.) गा.वि.स. वडा नं. ३ को माथिल्लो सोलु खोला जलविद्युत आयोजनाको विद्युतगृह देखि सोही जिल्लाको सोही नगरपालिकाको वडा नं. ११ मा रहेको विद्युत प्राधिकरणको लमाने सवस्टेसनमा जोडिएको छ।

६. यस आयोजनाको कुल लागत रु. ३,८५,५१,७५,०२७२० र प्रति मेगावाट उत्पादन लागत रु. १९,४७०५,८०९४५ रहेको छ।

७. कम्पनीको प्रबन्धपत्र तथा नियमावली अनुसार जारी पूँजीको ८०% शेयर संस्थापक शेयरधनीहरुसँग रहेको र हाल यस कम्पनीमा २०७ जना संस्थापक शेयरधनीहरु रहेका छन्। बाँकी २०% प्रतिशत शेयर मध्ये १०% आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि र १०% सर्वसाधारण शेयरधनीहरुको लागि छुट्याई बाँडफाँड गर्ने व्यवस्था रहेको छ।

८. कम्पनीको प्रबन्धपत्रको दफा ४ अनुसार कम्पनीको मूख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :

   १. कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानुनको अधीनमा रही विद्युत उत्पादन गरेर उचित मुनाफा आर्जन गरी विद्युत बिक्री गर्नु यस कम्पनीको मुख्य उद्देश्य हुनेछ :

      क. नेपाल अधिराज्य भित्रका विद्यमान जल सम्पदाको व्यापक खोजी गरी सम्भाव्य भएका विभिन्न साना तथा ठूला जलविद्युत आयोजनाको अनुसन्धान सर्भेक्षण तथा विकास गरी निज सहभागितामा निर्माण गर्ने तथा विद्युत उत्पादन, प्रसारण, खरिद तथा बिक्री वितरण गर्ने एवं आवश्यकतानुसार पावरहाउस, प्रसारण तथा वितरण लाईन निर्माण गर्ने, संचालन गर्ने।

      ख. जल विद्युत बाहेक अन्य सौर्य, वायु तापिय आदि स्रोतबाट समेत निजी क्षेत्रमा वैकल्पिक उर्जा उत्पादन गरी प्रसारण तथा बिक्री वितरण गर्ने।

      ग. अन्य संस्था वा कम्पनीबाट उत्पादित विद्युत उर्जा, उक्त कम्पनीबाट थोकमा किनी बिक्री वितरण गर्ने अथवा उत्पादित विद्युत शक्तिलाई थोक वा खुद्रामा वितरण गर्ने।

      घ. उपरोक्त बमोजिम विद्युत बिक्री वितरण गर्न नेपाल सरकारको सम्बन्धित निकायसँग प्रचलित कानुन नियमानुसार उक्त विद्युत उर्जाका लागि महशुल निर्धारण गर्ने गराउने।

      ङ. जलविद्युत र उर्जा विकास गर्ने शिलशिलामा हुने वातावरणीय पक्षलाई मध्यनजर राखी वातावरण विनासलाई रोकथाम गर्ने उपाय अवलम्बन गर्ने।

      च. स्वीकृत लिनु पर्नेमा स्वीकृत लिई सम्भावित भएका साना ठूला जलविद्युत प्रसारण लाईन तथा वितरण विकास गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी लगायत गैह्र सरकारी तथा अन्य संघ संस्थाहरुलाई वा निजि लगानी वा Joint Venture बाट आर्थिक, प्रविधिक तथा वातावरणीय सहयोग जुटाउने।

      छ. विद्युत र उर्जा शक्तिको स्थानीय जीवन स्तरमा सुधार गरी दिगो वातावरणीय विकासमा जोड दिई प्राकृतिक सम्पदाको व्यापक संरक्षण गर्ने।

      ज. उत्पादित विद्युत नजिकको प्राकृतिक सम्पदाको संरक्षण गर्ने।

      झ. साना तथा मझौला र ठूला जलविद्युत आयोजनाहरुसँग समन्वय गरी विद्युतिय आपूर्ति तथा वितरण गर्ने।

      ञ. हाइड्रोपावर तथा विद्युत सम्बन्धी उपकरणहरु मेसिन औजारहरु पेनस्टक पाइपको लागि आवश्यक सामान विदेशबाट आयात तथा खरिद गरी उपयोग गर्ने बिक्री वितरण गर्ने गराउने।

      ट. स्थानीय क्षेत्रमा जलविद्युतबाट उत्पादन भएका जलविद्युत शक्तिहरु ठूला आयोजनाहरुलाई वा अन्य निकायहरुलाई बिक्री वितरण गर्ने।

२. कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न प्रचलित कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यान्वयन गरिनेछ।

३. उपदफा (१) मा उल्लेखित उद्देश्यको सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमति वा इजाजतपको प्रतिलिपि कार्यालयमा पेश गरिनेछ।

९. हाल यस आयोजनाको शतप्रतिशत निर्माण कार्य सम्पन्न भैसकेको छ। साथै, यस आयोजनाबाट उत्पादन हुने विद्युतशक्ति नेपाल विद्युत प्राधिकरणलाई प्राधिकरणको प्रशारण प्रणाली भएको ठाउँमा पुऱ्याई बिक्री गर्ने र प्राधिकरणले पनि उक्त आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति खरीद गर्नकालागि प्राधिकरणसँग मिति २०६९ साल पौष १६ गते सम्झौता भैसकेको छ।

१०. कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच मिति २०६९/०९/१६ गते विद्युत खरीद-बिक्री सम्झौता सम्पन्न भई सो सम्झौताका मुख्य-मुख्य बुँदाहरु निम्न बमोजिम रहेका छन् :

उपलब्ध लोडसम्मको प्राविधिक तवरले सम्भव हुने अवधिसम्मको Off Grid Mode Operation Test बाट व्यहोरा ठीक ठहरिएमा काबु बाहिरको परिस्थितिमा बाहेक प्राधिकरणको कारणले आयोजनाबाट व्यापारिक उत्पादन शुरु गर्नुपर्ने मिति (Required Commercial Operation date) सम्म व्यापारिक उत्पादन शुरु हुन नसकेमा प्राधिकरणले कम्पनीलाई हर्जाना तिर्नुपर्नेछ। यसरी कम्पनीले प्राधिकरणलाई अथवा प्राधिकरणले कम्पनीलाई तिर्नुपर्ने हर्जाना निम्न सुत्र अनुसार हिसाब गरिनेछ :

(०.०५ X कन्ट्र्याक ईनर्जीको आधारमा गणना गर्दा आउने व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति र व्यापारिक उत्पादन शुरु हुने मिति बीचको दिन अन्तरको अवधिको उर्जा X व्यापारिक उत्पादन शुरु हुने मिति (COD) मा लागु हुने खरीद दर।

प्राधिकरणले लिनुपर्ने यस्तो हर्जाना रकम विद्युत खरीद वापत प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नुपर्ने रकमबाट कट्टा गरी लिन सकिनेछ। तर यसरी कट्टा गर्दा प्राधिकरणले कम्पनीलाई महिना महिनाको विद्युत खरीद वापत भुक्तानी गर्नुपर्ने रकमको ५० प्रतिशत भन्दा बढी नहुने गरी किस्ताबन्दीमा पहिलो बिलदेखि यस्तो हर्जाना पुरा असुल नभएसम्म कट्टा गर्दै जानेछ। प्राधिकरणले हर्जाना तिर्नुपर्ने अवस्थामा पनि यथोचित किस्ताबन्दीमा भुक्तानी गरिनेछ।

१) विद्युत खरिद-बिक्री सम्झौता दुवै पक्षले हस्ताक्षर गरेको मिति देखि लागू हुनेछ र आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) ले ३० (तीस वर्ष) वा विद्युत उत्पादन अनुमतिपत्र (Generation License) को अवधी मध्ये जुन घटी छ सो समयसम्म कायम रहनेछ। सम्झौताको अवधि समाप्त हुनु ६ महिना अघि देखि छलफल शुरु गरी दुवै पक्षको सहमतिमा सम्झोताको अवधि थप गर्न सकिनेछ।

२) माथिल्लो सोलु खोला जलविद्युत आयोजनाबाट वार्षिक ११,२२,४९,४६० किलोवाट घण्टा विद्युत उत्पादन तथा बिक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ। यसमा सुख्खायामको लागि २,०५,८९,६३० किलोवाट घण्टा र वर्षायामको लागि ९,१६,५९,८३० किलोवाट घण्टा निर्धारण गरिएको छ।

३) विद्युत नदिएमा वा निलएमा क्षतिपूर्ति तिर्नु पर्ने :

क) प्राधिकरणले प्रत्येक महिना आयोजनाबाट कन्ट्र्याक्ट इनर्जीको परिमाण सम्मको Availability Declaration अनुसारको इनर्जी खरीद गरी लिनेछ। यस अनुसार प्राधिकरणले लिनुपर्ने उर्जा Forced Outage को कारणले लिन नसकेमा वा Dispatch Instruction को कारणले नलिएमा विद्युत खरीद सम्झौताको अनुसूची ३ को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई क्षतिपूर्ति तिर्नु पर्नेछ।

ख) कन्ट्र्याक्ट इनर्जी वा Availability Declaration को आधारमा गणना हुने मासिक उर्जा मध्ये जुन घटि छ सो को ८० (अस्सी) प्रतिशत भन्दा कम नहुने गरी प्रत्येक महिना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्ति गर्नु पर्नेछ। प्राधिकरणको कारण वा Schedule Outage वा आकस्मिक मर्मत संभार वा काबु बाहिरको परिस्थितिको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाणसम्मको विद्युत कम्पनीले आपूर्ति गर्न नसकेमा वा नगरेमा निम्न सूत्र अनुसार कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति स्वरुप रकम भुक्तानी गर्नुपर्नेछ।

**क्षतिपूर्ति रकम**

= रु [०.८ X सो महिना कम्पनीबाट प्राधिकरणलाई आपूर्ति हुनु पर्ने बढीमा कन्ट्र्याक्ट इनर्जी सम्मको Availability Declaration अनुसारको विद्युत उर्जा - सोही महिनामा कम्पनीले उपलब्ध गराएको उर्जा - सोही अवधिमा प्राधिकरणको कारणले वा Schedule Outage वा आकस्मिक मर्मत संभार वा काबु बाहिरको परिस्थितिको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको उर्जा] X सो महिनाको प्रति किलोवाट घण्टा विद्युत उर्जा खरीद दर;

यसरी हिसाब गर्दा क्षतिपूर्ति रकम ऋणात्मक भएमा क्षतिपूर्ति रकमलाई शून्य मानिने छ।

क्षतिपूर्ति रकम बील रकम भन्दा बढी भएमा बील रकम भन्दा बढी भएको क्षतिपूर्ति रकम कम्पनीले प्राधिकरणलाई तिर्नुपर्ने छैन।

यस्तो क्षतिपूर्ति रकम प्राधिकरणले बिलको भुक्तानी दिंदा कट्टा गर्न सक्नेछ।

माथि उल्लेख भए अनुसार प्राधिकरणले कम्पनीलाई वा कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति तिर्ने व्यवस्था आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने मिति देखि लागू हुनेछ।

४) प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्र्याक्ट इनर्जीको परिमाणसम्मको उर्जा खरीद वापत वर्षायाममा प्रति कि.वा. घण्टा रु. ४।८० (चार रुपैंया असी पैसा मात्र) र सुख्खायाममा प्रति कि.वा. घण्टा रु. ८।४० (आठ रुपैंया चालीस मात्र) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउने छ। साथै, व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिनादेखि लागु हुने गरी प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ५ (पाँच) पटकसम्म मूल्यवृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ :

| **अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुनेगरी )** | **सुख्खायाम (पौषदेखि चैत्रसम्म) (रु. प्रति युनिट)** | **वर्षायाम (वैशाखदेखि माघसम्म) (रु. प्रति युनिट)** |
|---|---|---|
| पहिलो महिनादेखि १२ औं महिनासम्म | ८।४० | ४।८० |
| १३ औं महिनादेखि २४ औं महिनासम्म | ८।६५ | ४।९४ |
| २५ औं महिनादेखि ३६ औं महिनासम्म | ८।९० | ५।०९ |
| ३७ औं महिनादेखि ४८ औं महिनासम्म | ९।१६ | ५।२३ |
| ४९ औं महिनादेखि ६० औं महिनासम्म | ९।४१ | ५।३८ |

| | | |
|---|---|---|
| ६१ औं महिनादेखि सम्झौता अवधिसम्म | ९६६ | ५.५२ |

तर व्यापारिक उत्पादन शुरु हुनुपर्ने मिति Required Commercial Operation Date (RCOD) को तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति Commercial Operation Date (COD) ढिलो हुन गएमा विद्युत उर्जा खरीद दर निम्नानुसार वार्षिक मूल्यबृद्धि दिई कायम गरिनेछ :

क. RCOD को तुलनामा COD ६ महिनाभन्दा बढी १८ महिनासम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्यबृद्धि दिईनेछ।

ख. RCOD को तुलनामा COD १८ महिनाभन्दा बढी ३० महिनासम्म ढिलो हुन गएमा जम्मा ३ वटा मात्र मूल्यबृद्धि दिईनेछ।

ग. RCOD को तुलनामा COD ३० महिनाभन्दा बढी ४२ महिनासम्म ढिलो हुन गएमा जम्मा २ वटा मात्र मूल्यबृद्धि दिईनेछ।

घ. RCOD को तुलनामा COD ४२ महिनाभन्दा बढी ५४ महिनासम्म ढिलो हुन गएमा जम्मा १ वटा मात्र मूल्यबृद्धि दिईनेछ।

ङ. RCOD को तुलनामा COD ५४ महिनाभन्दा बढी ढिलो हुन गएमा मूल्यबृद्धि दिईने छैन।

* माथि उल्लेखित मूल्य बृद्धिमा बुँदा नं. क बमोजिम यस कम्पनी योग्य रहेको छ।

५) प्राधिकरणले Dispatch Instruction जारी गरी अतिरिक्त उर्जा (Excess Energy) खरीद गरेमा सो को हकमा विद्युत खरीद बिक्री सम्झौता को दफा १२.१ अनुसारको खरीद दरको ५०% (पचास प्रतिशत) दरमा कम्पनीले बिलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ।

६) विद्युत खरिद बिक्री :

(क) काबु बाहिरको परिस्थितिमा बाहेक अन्य अवस्थामा प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि प्रत्येक महिना आयोजनाबाट उत्पादन हुने Availability Declaration अनुसार कन्ट्रयाक्ट इनर्जी परिमाण सम्मको उर्जा खरीद गर्नु पर्ने छ।

(ख) काबु बाहिरको परिस्थिति उत्पन्न भएमा खरीद गर्नु पर्ने उर्जाको हिसाब समानुपातिक आधारमा Prorata Basis मा निर्धारण गरिनेछ।

(ग) कम्पनीले पनि आयोजनाबाट उत्पादित विद्युत शक्ति डेलिभरी प्वाइण्टसम्म पुर्‍याउने व्यवस्था मिलाउनु पर्नेछ।

(घ) आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति प्राधिकरणको पूर्व स्वीकृति विना अन्य निकायलाई बिक्री गर्न वा यस्तो अधिकार सुम्पिन पाइने छैन।

(ङ) आयोजनाबाट परीक्षण उत्पादनको क्रममा प्राधिकरणले प्राप्त गर्ने विद्युत उर्जा वापत प्राधिकरणले कम्पनीलाई कुनै रकम भुक्तानि गनुपर्ने छैन।

७) बिल र भुक्तानी : कम्पनीले प्रत्येक महिनामा अघिल्लो महिनामा उपलब्ध गराएको दफा ११ बमोजिमको विद्युत उर्जा र त्यस वापतको विद्युत महसुल समेत उल्लेख भएको बिल तोकिएको ढाँचामा प्राधिकरण समक्ष पेश गर्नेछ। प्राधिकरणले बिल प्राप्त भएको ४५ (पैंतालिस) दिन भित्र सो बिलको भुक्तानी गर्नु पर्नेछ। उक्त समय भित्र प्राधिकरणले बिल बमोजिमको महसुल भुक्तान नगरेमा सो रकमको वार्षिक ६% (छ प्रतिशत) का दरले हुने ब्याज रकम समेत भुक्तान गर्नु पर्नेछ। कम्पनीले पठाएको बिलमा कुनै विवाद उत्पन्न भएमा वा बिलमा उल्लेखित रकम प्राधिकरणलाई मान्य नभएमा प्राधिकरणले त्यसरी मान्य नभएको रकमका सम्बन्धमा कारण सहित सूचना दिई विवादित रकम कटाई बांकी रकम भुक्तानी दिनेछ। प्राधिकरणले त्यसरी मान्य नभएको विवादित रकमका सम्बन्धमा कम्पनीले बिल पेश गरेको मितिले बढीमा ९० (नब्बे) दिन भित्र दुबै पक्ष बसी आपसी सहमतिबाट विवादको समाधान गरिनेछ। विवाद समाधान भएपछि प्राधिकरणले कट्टा गरेको रकम मध्ये तिर्नु पर्ने ठहर भएको रकम मात्र विवाद समाधान भएको मितिले ७ (सात) कार्यालय दिन भित्र प्राधिकरणले भुक्तानी दिनेछ। यसरी ७ (सात) कार्यालय दिन भित्र सो रकम भुक्तानी नभएमा यस दफामा उल्लेख भए अनुसारको दरमा ब्याज रकम समेत भुक्तानी गर्नेछ। बील पेश गरेको मितिले सात दिन भित्र भुक्तानी पाउन कम्पनीले अनुरोध गरेको अवस्थामा प्राधिकरणले भुक्तानी योग्य बील रकमको तीन प्रतिशत छुट (Rebate) कट्टा गरी सात दिन भित्र भुक्तानी गर्न सक्नेछ। यस विद्युत खरिद सम्झौता बमोजिम भुक्तानी गर्नु पर्ने रकममा प्रचलित कानून बमोजिम प्राधिकरणले कर कट्टी गर्नु पर्ने भए, सो रकम कट्टी गरेर मात्र भुक्तानी दिईने छ।

**आयोजनाको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छ :**

| | |
|---|---|
| आयोजनाको स्थल: | सोलुखुम्बु जिल्ला स्थित हाल सोलु दुधकुण्ड वडा नं. २ र ३ (साविक बेनी, तामाखानी र सल्लेरी गा.वि.स. वडा नं. २, ३ र ४) गाउँपालिका |
| श्रोत नदी: | सोलु खोला |
| आयोजनाको किसिम: | रन अफ रिभर |
| डिजाइन डिस्चार्ज: | १३ घन मिटर प्रति सेकेण्ड |
| उत्पादन हुने इनर्जी : | ११७.५५ (GWh) २०.७९ (GWh) सुख्खा याम ९६.७६ (GWh) वर्षा याम |
| आयोजनाको उत्पादन क्षमता: | १९.८० मेगावाट |
| ग्रास हेड: | १८५.१ मिटर |
| डाइभर्सन बाँध : | लम्बाई ३० मिटर |
| सर्ज ट्याङ्क: | ७.५मिटर व्यास, २८.९ मिटर गहिराई |
| टेलरेस: | ३६ मिटर लम्बाई, ३.५ * ३.५ मिटर W*D, २१७५ masl |
| सेट्लिङ वेसिन: | ९१ मिटर लम्बाई १७.४ मिटर चौडाई ११.३२ मिटर उचाई |
| पेनस्टक: | लम्बाई ६९० मिटर, २.२ मि., २.१ मि. र २ मि. व्यास भएको र १२ एमएम देखि १६ एमएमसम्म |
| पावरहाउस: | ४२ मिटर लम्बाई १५ मिटर चौडाई २० मिटर उचाई |
| टर्वाइन: | संख्या ३ प्रति टर्वाईन आउटपुट ६.९६ मेगावाट |
| जेनेरेटर: | ७.८६५ MVA Per Unit |
| ट्रान्सफर्मर: | ८.६५० MVA |

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा भएका मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन्:

१. बेनी हाईड्रोपावर प्रोजेक्ट लिमिटेडले नेपालको सोलुखुम्बु जिल्लाको सोलुखुम्बु न. पा. भई बग्ने सोलु खोलाको पानीलाई प्रयोग गरी जलविद्युत आयोजनाको लागि उपयुक्त स्थान पहिचान गरी मिति २०६९/०८/१० गते नेपाल सरकार, उर्जा जलश्रोत तथा सिंचाई मन्त्रालयबाट यस माथिल्लो सोलु खोला जलविद्युत आयोजनाको वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत प्राप्त गरिएको थियो। तर आयोजनाको विद्युत गृह २४० मि. तल सारिएकोले गर्दा हेड बढेको र डिजाइन प्रवाह लगायत विभिन्न संरचनाहरु परिवर्तन भएको हुनाले मन्त्रालयले पुनः वातावरणीय अध्ययन गरी मिति २०७७/०९/१२ वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृति प्रदान गरिएको थियो।

२. यो आयोजनामा प्रयोग गरिएको खोला बाह्रमासे खोला हो जुन लेसर हिमालयन श्रृङ्खलामा पर्दछ। आयोजना समुद्रि सतहबाट २,१७५ मि. देखि २,३५७ मि. सम्मको उचाईमा रहेको छ। यस आयोजना क्षेत्रको वरिपरी रहेका मुख्य रुख प्रजातीहरु उत्तिस, चिलाउने, पैयु, फुस्रो, सुरै, बकाइनो, कटुस आदि रहेको छन्। त्यस्तै वनस्पतिहरु तितेपाती, चिराइतो, निगालो र अैसेलु रहेको छन्।

३. आयोजनाको लागि कुल जग्गा मध्ये ९.६६ हेक्टर जमिन आवश्यक रहेको छ। आयोजनाको निर्माणले भू-उपयोगको परिवर्तन, जल विज्ञान र सेडिमेन्ट आदिमा आउने परिवर्तन तथा हावा, पानी र ध्वनीको प्रदुषण, फोहोर मैला जस्ता प्रभावहरु पर्न सक्ने देखिन्छ।

४. जैविक वातावरणमा पर्ने असरहरु न्यूनीकरण गर्नका लागि रु. २२,००,००० बजेट बिनियोजन गरिएको छ। सो बजेट शिकारमा प्रतिबन्ध, वृक्षारोपण, माछा संरक्षण, वन संरक्षण जागरुकता कार्यक्रम, जनचेतनामूलक कार्यक्रम जस्ता क्रियाकलापहरुका लागि वर्गीकरण गरिएको छ।

५. आयोजनाले आवश्यक पर्ने निजी जग्गा सम्बन्धित जग्गावालाहरुसँग आपसी छलफल गरी सहमतिमा स्थानीय तहको समन्वयमा लिईनेछ।

६. आयोजनावाट हुने प्रमुख सकारात्मक लाभमा प्रस्तावित आयोजना संचालन हुँदा राष्ट्रिय विद्युत प्रसारण लाईनमा ११७.५५ गिगावाट घण्टा प्रति वर्ष विद्युत थप भई जलविद्युत विकासमा टेवा पुग्नेछ। आयोजनाले स्थानीय जनताहरुमा उनीहरुको सीप तथा दक्षताको आधारमा रोजगारी सिर्जना र आयआर्जनका क्षेत्रमा विकास पुर्याउने छ। यसका साथै स्थानीय स्रोतको उपयोग बढ्नाले स्थानीय बासिन्दाहरुको आयआर्जनमा वृद्धि हुनेछ। विद्युत ऐन, २०४९ र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ बमोजिम नेपाल सरकारलाई यस आयोजनाले रोयल्टी प्रदान गर्नेछ।

७. आयोजनावाट हुने सकारात्मक लाभमा स्थानीय व्यक्ति तथा प्रभावित क्षेत्रहरुको लागि रोजगारीको सिर्जना, स्थानीय स्रोतको प्रयोग, व्यापारमा वृद्धि, प्राविधिक सीपको वृद्धि आदि रहेका छन्।

११. विद्युत खरीद सम्झौताको बखत र वित्तीय व्यवस्थापनको क्रममा आयोजनाको प्रक्षेपित लागत र व्यवसायिक उत्पादन भए पश्चात्को वास्तविक लागतमा भएको फरक निम्न बमोजिम रहेको छ :

| सि.नं. | विवरण | प्रक्षेपित लागत | वास्तविक लागत | फरक | कैफियत |
|---|---|---|---|---|---|
| १ | आयोजना संचालन/पूर्व विकास | ३२,०००,०००।०० | ३३,५००,०००।०० | १,५००,०००।०० | आयोजनाको अवधिमा भएको उच्च पूर्व विकास खर्चका कारण लागत बढेको। |
| २ | सिभिल वर्क र सामान्य वस्तुहरु | १,६३४,३५४,०००।०० | १,७९९,२७१,६५०।७३ | १६४,९१७,६५०।७३ | सिभिल वर्क र सामान्य वस्तुहरुमा भएको परिवर्तन हेडवर्क्स र वाटरवेको अवधारणात्मक डिजाइनमा भएको परिवर्तन तथा पावरहाउसको स्थान परिवर्तनका कारण भएको हो। साथै, अतिरिक्त उत्पादन युनिट थपिँदा पनि भिन्नता आएको हो। पेन स्टक सुरुङ्गलाई पावरहाउस क्षेत्रबाट २५० मिटर तल तिर सारिएको हुनाले पहिरो संरक्षण पर्खालमा थप काम, पावरहाउस क्षेत्रको अतिरिक्त उत्खनन्न, ड्रिलिङ्ग, ग्राउटिङ्ग कार्य साथै सुरुङ्ग क्षेत्र विस्तार र पेन स्टक पाइपको बृद्धिका कारणले पनि लागत बढेको। |
| ३ | हाइड्रो मेकानिकल वर्क | २०८,४२५,०००।०० | २६८,५४१,५४८।०९ | ६०,११६,५४८।०९ | पीपीभी (PPV) थपिँदा पेन्स्टक पाइपको लम्बाइ बढ्नुका साथै प्रारम्भिक योजनामा दुईवटा युनिट मात्र रहेकामा अहिले तीनवटा युनिट भएकाले दुईवटा ब्रान्चिङको आवश्यकता परेको साथै, सेडिकन (Sedicon) व्यवस्था, सेडिकनको कन्ट्रोल प्यानल तथा पीपीभीको कन्ट्रोल प्यानलको व्यवस्था गर्नुपर्ने भएकाले पनि परिवर्तन भएको। |
| ४ | इलेक्ट्रोमेकानिकल वर्क | ५३५,३९५,०००।०० | ५४५,७४६,०००।०० | १०,३५१,०००।०० | विनिमय दरको परिवर्तनका कारण लागत वृद्धि भएको तथा सम्झौतामा उल्लेख गरिएकोभन्दा केही अतिरिक्त वस्तुहरूको आवश्यकताले गर्दा लागत बृद्धि भएको। |
| ५ | ट्रान्समिसन र इन्टरकनेक्सन | २५२,६७१,०००।०० | ९३,१००,०००।०० | (१५९,५७१,०००।००) | एउटै करिडोरमा अन्य परियोजनाहरूसँग संयुक्त रूपमा प्रसारण लाइन निर्माण कार्य भइरहेको कारण परिवर्तन भएको। |
| ६ | भूमी र भूमी विकास | ९,५००,०००।०० | ५०,०००,०००।०० | ४०,५००,०००।०० | जग्गाको मूल्यमा भएको बृद्धि र आयोजनाको लागि थप जग्गा अधिग्राहण गर्नुपर्ने आवश्यकताका कारण प्रारम्भिक अनुमानको तुलनामा लागत बढेको। |
| ७ | साइट अफिस भवन र क्याम्प निर्माण | ११,३००,०००।०० | २२,८००,०००।०० | ११,५००,०००।०० | पहुँच मार्ग, हेडवर्क्स र पावरहाउसस्थित साइट कार्यालय भवन, पुलहरू तथा तिनका सहायक संरचनाहरूमा भएको खर्चका कारण लागत बृद्धि भएको। |
| ८ | सवारी साधन, लजिइस्टिक र व्यवस्थापन | २०,०००,०००।०० | ३६,४६६,०००।०० | १६,४६६,०००।०० | सवारी साधन, मेसिनरी, कार्यालय उपकरण तथा फर्निचर थपिएको। |
| ९ | मोबिलाइजेसन र पूर्वाधार | ७४,०१५,०००।०० | ८३,१३१,०००।०० | ९,११६,०००।०० | मुख्य भिन्नताको कारण पहुँच मार्ग, पुलहरू तथा तिनसँग सम्बन्धित संरचनाहरु रहेको। |
| १० | वातावरण र मिटिगेशन | ९,३९७,०००।०० | २१,६५०,०००।०० | १२,२५३,०००।०० | स्थानीय समुदायको आवश्यकता र साइटको आवश्यकताका कारण प्रारम्भिक अनुमानको तुलनामा लागत बढेको। |
| ११ | आयोजना व्यवस्थापन र सुपरभिजन | १४५,२००,०००।०० | २३३,११३,४४०।६७ | ८७,९१३,४४०।६७ | आयोजना सम्पन्न हुने समयावधि बढाउँदा प्रशासनिक, व्यवस्थापन र सुपरिवेक्षण लागत बढेकोले लागत बढेको। |
| १२ | इन्स्योरेन्स, भन्सार र कर | ५२,७७१,०००।०० | २२,०००,०००।०० | (३०,७७१,०००।००) | प्रारम्भिक बजेटमा कम्पनीले खर्च वहन गर्ने सहमति भएको तर पछि सप्लायर्सले उक्त खर्च वहन गरेको। |
| १३ | Interest during Construction (IDC) | २८४,९७२,०००।०० | ६४५,८५५,३८७।७१ | ३६०,८८३,३८७।७१ | निर्माण अवधिको ब्याजका लागि गणना गरिएको रकम परियोजनाको वित्तीय क्लोजरमा व्यवस्था गरिएको रकमभन्दा बढी देखिएको छ, जुन कोभिड-१९, बैंक ऋण नविकरण शुल्क, बैंकको अन्य शुल्क र आयोजनाको निर्माण सम्पन्न अवधि बढेको कारणले लागत बृद्धि भएको। |

***नोट : मिति २०८० श्रावणमा आयोजनाको जेनेरेटरमा समस्या उत्पन्न भएको र मिति २०८० भाद्रमा पहिरोको कारणले गर्दा उक्त दुई महिना विद्युत उत्पादन गर्न नसकेको।**

**आयोजनाको हालको अवस्था :**

बेनी हाईड्रोपावर प्रोजेक्ट लिमिटेडद्वारा प्रवर्द्धित माथिल्लो सोलुखोला जलविद्युत आयोजना मिति २०७३/०५/२३ बाट निर्माण कार्य शुरु गरिएको र सो आयोजनाको निर्माण कार्य १०० प्रतिशत सम्पन्न भई मिति २०८०/०३/०१ गतेदेखि व्यापारिक उत्पादन शुरु गरी नेपाल विद्युत प्राधिकरणको १३२ के. भि. प्रसारण लाइनमा जोड्ने कार्य सम्पन्न भैसकेको छ।

मिति २०८०/०५/०२ गते पावरहाउसको स्विचयाडमा आएको पहिरोले गर्दा १३२ के.भी. प्रसारण लाईनको टावर नम्बर १ र २ मा क्षति भएको हुँदा यस कम्पनीलाई रु.७,२०,८३,९२१।५१ (एक महिना भाद्र) बराबरको विद्युत उत्पादनमा क्षति भएको छ।

**१२. थप विवरण :**

**क. विगत ३ आ.व. मा संस्थाले अवलम्बन गरेको नयाँ लेखा नीति, यो नीति अवलम्व गर्नुको औचित्य तथा कारण र सोको वित्तीय प्रभाव सम्बन्धी विवरण :**

कम्पनीले अन्तर्राष्ट्रिय रूपमा स्वीकृत वित्तीय प्रतिवेदन अभ्यास तथा नेपाल धितोपत्र बोर्ड (SEBON) का नियामकीय आवश्यकताहरू अनुरूप वित्तीय विवरणहरूको तयारी र प्रस्तुतीकरणमा एकरूपता, पारदर्शिता तथा तुलनात्मकता सुनिश्चित गर्न नेपाल वित्तीय प्रतिवेदन मापदण्ड (NFRS) अवलम्बन गरेको हो।

NFRS को कार्यान्वयनका कारण वित्तीय सम्पत्ति तथा दायित्वहरूको वर्गीकरण, मापन तथा खुलासा, आम्दानीको पहिचान, सम्पत्ति, संयन्त्र तथा उपकरण तथा सम्बन्धित खुलासामा केही लेखा नीतिगत परिवर्तनहरू भएका छन्। NFRS अवलम्बनबाट उत्पन्न वित्तीय प्रभावहरूको मूल्याङ्कन गरी लेखापरीक्षण गरिएको वित्तीय विवरणमा यथोचित रूपमा खुलासा गरिएको छ। खुलासा गरिएका प्रभावहरू बाहेक, NFRS को कार्यान्वयनले कम्पनीको वित्तीय स्थिति, वित्तीय कार्यसम्पादन वा नगद प्रवाहमा कुनै महत्वपूर्ण प्रतिकूल प्रभाव पारेको छैन।

**ख. आयोजना/परियोजना भएको अवस्थामा ब्याजको पूँजीकरण सम्बन्धी विवरण :**

| विवरण | खर्च (रु. मा) |
|---|---|
| आ.व. २०७४/७५ मा ब्याज पूँजीकरण | १३,७५०,००० |
| आ.व. २०७५/७६ मा ब्याज पूँजीकरण | १४,२२२,७१० |
| आ.व. २०७६/७७ मा ब्याज पूँजीकरण | ७२,०५८,९१७ |
| आ.व. २०७७/७८ मा ब्याज पूँजीकरण | १२१,०४६,६४० |
| आ.व. २०७८/७९ मा ब्याज पूँजीकरण | १६७,३३९,८७४ |
| आ.व. २०७९/८० मा ब्याज पूँजीकरण | २७१,६२६,३५४ |
| **निर्माण सम्पन्न भएको मितिसम्म** | **६६०,०४४,४९५** |
| आर्थिक वर्ष २०८०/८१ को पि/ल मा पहिलेको ब्याज पूँजीकरणको समायोजन गरी खर्च गरिने | (२५,०४९,९९६) |
| **जम्मा ब्याज पूँजीकरण** | **६३४,९९४,४९९** |

**ग. अस्वभाविक आम्दानी तथा खर्च सम्बन्धी कारोबारको विस्तृत विवरण :** सो नभएको।

**घ. संभावित दायित्व तथा सोबाट नेटवर्थमा पर्न जान सक्ने प्रभाव सम्बन्धी विवरण :** सो नभएको।

**ङ. लेखापरीक्षण भएको वित्तीय विवरण, अपरिष्कृत वित्तीय विवरण र प्रक्षेपित वित्तीय विवरण बमोजिम विभिन्न वित्तीय अनुपातहरु जस्तै आम्दानीमा वृद्धि/घटि, खर्चमा वृद्धि/घटि, नाफा नोक्सानमा वृद्धि/घद्धि, सम्पत्तिमा वृद्धि/घटि लगायतका विवरण तथा सोको कारणहरु समेत तुलनात्मक तालिकामा आ.व. सहित प्रस्तुत गर्नुपर्ने :**

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | २०८२ पौष मसान्तसम्म | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ | |
| जम्मा आम्दानी वृद्धि अनुपात | - | ७२३.६७% | ६२.०९% | ३९.५७% | १६.६६% | २.५३% | २.७५% | १८ मेगावाटको वृद्धि (Escalation) अझै कायम रहेको हुँदा आम्दानी उल्लेखनीय रुपमा बढेको छ । यद्यपि, १८ मेगावाटको पूर्ण वृद्धि (Escalation) प्राप्त भए पश्चात् आम्दानी वृद्धि दर थोरै घट्ने अपेक्षा गरिएको छ । |
| जम्मा खर्च वृद्धि अनुपात | - | २४३.२५% | -१३.७४% | -५७.५८% | -७.७०% | ३.१८% | -३.००% | संचालनको पहिलो पूर्ण वर्ष भएको हुँदा आर्थिक वर्ष २०८०/८१ को खर्चमा उल्लेखनीय वृद्धि भएको साथै सो अवधिमा सबै खर्चहरु रिटन अफ गरिएको र पूँजीकरण नगरिएको । आर्थिक वर्ष २०८१/८२ मा कम्पनी पूर्ण रुपमा संचालन भएको र ब्याजदरमा पनि गिरावट भएको हुँदा कम्पनीको संचालन लगत अप्टीमाइज हुन आएको । तत्पश्चात् ऋण भुक्तानीबाट कम ब्याज लागत र आयोजना संचालन लागतको निरन्तर अप्टीमाइजेसनका कारणले जम्मा खर्चहरु विस्तारै घट्दै गएको । |
| जम्मा खर्च वृद्धि अनुपात (ब्याज र ह्रासकट्टी बाहेक) | - | ६३.१९% | -६०.४०% | -६३.२५% | -१५.६६% | ४०.७८% | ३.०५% | आर्थिक वर्ष २०८२/८३ को आयोजना संचालन लागतको अप्टीमाइजेसनको कारण र मुद्रास्फीति प्रभावका कारण थोरै वृद्धि भएकोले । |
| खुद नाफा वृद्धि अनुपात | - | - | १७८% | १३% | ९% | १% | १७% | १८ मेगावाटको वृद्धि (Escalation) लागू भइरहँदा नाफामा उल्लेखनीय वृद्धि भइरेको । यद्यपि, १८ मेगावाटकै पूर्ण वृद्धि (Escalation) प्राप्ति भएपश्चात् नाफा वृद्धिको दरमा सामान्य गिरावट आउने अपेक्षा गरिएको छ । आर्थिक वर्ष २०८१/८२ को खुद नाफा विद्युत उत्पादन बाहेकका अन्य आयका कारण वृद्धि भएको हो । |
| जम्मा सम्पत्ति वृद्धि अनुपात | - | -१% | -१% | -२% | -४% | -१% | ०% | सम्पत्तिमा भएको वृद्धि मुख्यतया व्यावसायिक सञ्चालन मिति (COD) भन्दा अगाडि सम्पन्न हुन नसकेका संरक्षण कार्यहरूको पुँजीकरणका कारण भएको हो । त्यसपछिका वर्षहरूमा, ह्रासकट्टी र परिशोधन का कारण सम्पत्तिमा क्रमिक रूपमा गिरावट आएको छ। साथै, कम्पनीको बैंक मौज्दातमा भिन्नताका कारण समय-समयमा उतारचढावहरु अवलोकन गरिएको छ । |

| **आषाढ ३२, २०८४ सालको मौज्दात** | **१,०४०,०००** | **–** | **–** | **२६९,१९३** | **(५,४६८)** | **१,३०३,७२५** |
| यस वर्षको नाफा/(नोक्सान) | – | – | – | २००,९२६ | – | २००,९२६ |
| एडवान्स (शेयर पूँजी) | – | – | – | – | – | – |
| शेयर निष्काशन | – | – | – | – | – | – |
| शेयर निष्काशन लागत | – | – | – | – | – | – |
| शेयरधनीलाई लाभांश | – | – | – | – | – | – |
| अन्य परिवर्तनहरु | – | – | – | – | – | – |
| **आषाढ ३२, २०८५ सालको मौज्दात** | **१,०४०,०००** | **–** | **–** | **४७०,११९** | **(५,४६८)** | **१,५०४,६५१** |

**वित्तीय विवरणको अनुमानहरुको धारणा :**

१. आ.व. २०८२/८३ मा कम्पनीले प्राथमिक सार्वजनिक निष्काशनमार्फत रु. २०,८०,००,०००/- बराबरको शेयर पूँजी जारी गर्ने योजना रहेको छ।
२. माथिल्लो सोलुखोला जलविद्युत आयोजनाको कुल अनुमानित लागत रु. ३,८५,५१,७५,००० रहेको छ। उक्त आयोजनाको निर्माण सम्पन्न गर्न बैंकसँगको सिन्डिकेट ऋण सम्झौता अनुसार रु. २,८१,५१,७५,०००/- को कन्सोर्टियम ऋण स्वीकृत भएको छ। प्राथमिक सार्वजनिक निष्काशन पश्चात् कम्पनीको पूँजी र ऋणको अनुपात ७०.४६:२९.५४ हुनेछ।
३. प्लान्ट तथा उपकरणको वार्षिक संभार लागत कुल आयोजना लागतको ०.५% अनुमान गरिएको छ।
४. प्रशासनिक खर्च, कर्मचारी खर्च र अन्य संचालन खर्च वार्षिक ३ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको छ।
५. विद्युतको बिक्री दर नेपाल विद्युत प्राधिकरणसँगको सम्झौता अनुसार र रोयल्टी खर्च विद्युत ऐन, २०४९ बमोजिम प्रक्षेपण गरिएको छ।
६. विद्युत खरीद बिक्री सम्झौता बमोजिम आम्दानीलाई प्रक्षेपण गरिएको छ। Take or Pay को आम्दानीलाई प्रक्षेपणमा गणना गरिएको छैन। साथै, नेपाल विद्युत प्राधिकरणसँगको विद्युत बिक्री तथा खरीद सम्झौता अनुसार १८ मेगावाटको विद्युतको व्यवसायिक उत्पादन २०७८ माघ १२ देखि र थप २३६ किलोवाट विद्युत उत्पादन २०७९ असोज २९ गतेबाट शुरु गर्नुपर्ने थियो। तर, आयोजना सम्पन्न हुन ढिलाइ भएपछि २०८० असार १ गतेबाट विद्युतको व्यवसायिक उत्पादन शुरु भएको थियो। व्यवसायिक उत्पादन मिति विद्युत उत्पादन मिति भन्दा १८ मेगावाटको १८ महिना र २३६ किलोवाट ६ महिनाले ढिलो भएकोले कम्पनीले १८ मेगावाटले एउटा वृद्धिदर र २३६ किलोवाटले एउटा वृद्धिदर गुमाएको छ। विद्युत खरीद बिक्री सम्झौताको दर अनुसार आम्दानीलाई करार उर्जाको ९०% प्रक्षेपण गरिएको छ।
७. ऊर्जा मन्त्रालय अन्तर्गत रहेको विद्युत विकास विभागले जारी गरेको विद्युत उत्पादन इजाजतपत्र बमोजिम आयोजनाको २४ वर्षको बाँकी अवधिमा आयोजनाको लागतलाई परिशोधन गरिएको छ र अन्य सम्पत्तिको हकमा ह्रासकट्टी सम्पत्तिको आयुको आधारमा व्यवस्थापनले दिएको दर अनुसार गरिएको छ।
८. बैंक ऋणको ब्याजदर स्थीर वार्षिक ९% लाई आधार मानि प्रक्षेपण गरिएको छ। यो ब्याजदर कन्सोर्टियम बैंकको आधार दरमा परिवर्तन हुँदा थपघढ हुन सक्नेछ। ब्याजदरको उतार चढावलाई ब्याज गणना गर्दा समावेश गरिएको छ।
९. विद्युत ऐन २०४९, को व्यवस्था अनुसार कर्मचारी बोनस कर अघिको मुनाफाको २% को दरले विनियोजन गरिएको छ।
१०. बैंक ऋणको भुक्तानी अवधि समान त्रैमासिक किस्ता (EQI) को आधारमा १२ वर्ष मानिएको छ। कम्पनीको नगद प्रवाह अनुसार परिवर्तन हुन सकिने छ।
११. कम्पनीले विद्युत बिक्रीबाट हुने आम्दानी अनुमान गर्दा करार ऊर्जा कमी र संचालन असक्षमतालाई समावेश गरी आम्दानीको १०% घाटा हुने प्रक्षेपण गरिएको छ।

| विवरण | धारणा |
|---|---|
| आयोजनाको क्षमता | १९.८ मेगावाट |
| व्यापारिक उत्पादन शुरु गर्नुपर्ने मिति (२३६ किलोवाट) | २०७९ असोज २९ |
| व्यापारिक उत्पादन शुरु गर्नुपर्ने मिति (१८,००० किलोवाट) | २०७८ चैत्र १० |
| व्यापारिक उत्पादन शुरु हुने मिति | २०८० आषाढ १ |
| कर्जा फिर्ता भुक्तानी त्रैमासिक आधारमा (EQI) | १५ वर्ष (आ.व. २०८०/८१ को पहिलो त्रैमासिक बाट) |
| बैंक कर्जाको ब्याज | ८.००% |
| डिकाउण्ट दर (ऋण) | ८.००% |
| डिकाउण्ट दर (इक्विटी) | ८.००% |
| एजेन्सी शुल्क (outstanding कर्जाको आधारमा - प्रत्येक वर्ष) | ०.१०% |
| सुख्खायाम प्रति युनिट (रु.) | ८.४० |
| वर्षायाम प्रति युनिट (रु.) | ४.८० |
| आम्दानीमा हुन सक्ने घाटाको प्रावधान | आम्दानीको १०% |
| उर्जा दरमा मूल्य वृद्धि | ३% |
| बीमा प्रावधान | १०,००,००० प्रति मेगावाट |
| बीमा प्रावधानमा प्रति वर्ष वृद्धि | ३% |
| मर्मत तथा मर्मतसम्भारको प्रावधान | ०.५% (कुल आयोजना लागतको) |
| मर्मत तथा मर्मतसम्भारको प्रावधानमा प्रति वर्ष वृद्धि | ३% |
| संचालन तथा मर्मतसंभार लागत प्रति वर्ष वृद्धि | ३% |
| १५ वर्षकोलागि क्षमतामा रोयल्टी | रु.१००/- प्रति किलोवाट |
| १५ वर्षपछि क्षमतामा रोयल्टी | रु.१,०००/- प्रति किलोवाट |
| १५ वर्षकोलागि आम्दानीमा रोयल्टी | आम्दानीको २% |
| १५ वर्षपछि आम्दानीमा रोयल्टी | आम्दानीको १०% |
| कर्मचारी बोनसको प्रावधान | बोनश तथा कर अघिको नाफाको २% |
| प्राप्ती | २ महिना |
| आयकर (शतप्रशित छुट १० वर्षकोलागि र तत्पश्चात् ५० प्रतिशत छुट ५ वर्षकोलागि) | २०% (१५ वर्ष पछि) |
| डिकाउण्ट दर (बैंक ब्याज दर) | ९.००% |
| प्रोजेक्ट अवधिको आधारमा परिशोधन दर | ४.०७% |
| अनुमतिपत्र बहाल रहने मिति | २१०६/११/१६ |
| विद्युत उत्पादन क्षमता | ९०% |
| ह्रासकट्टीको दर<br>उपकरण र फर्निचर<br>सवारी साधन<br>प्लान्ट र मसिनरी<br>सफ्टवेयर | <br>२१% रिटन डाउन भ्यालू (WDV) विधि<br>१३% रिटन डाउन भ्यालू (WDV) विधि<br>१५% रिटन डाउन भ्यालू (WDV) विधि<br>२०% स्ट्रेल लाइन विधि (SLM) |

**ग.९. ख) वित्तीय अनुपात सम्बन्धी विवरण :**

**क) संगठित संस्थाको सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ निम्नानुसार छ :**

कम्पनीको नेटवर्थमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम छ :

**संक्षिप्त वित्तीय विवरण**

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२ पौष मसान्तसम्म | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| चुक्ता पूँजी (रु. हजारमा) | ८३२,००० | ८३२,००० | ८३२,००० | ८३२,००० | १,०४०,००० | १,०४०,००० | १,०४०,००० |
| जगेडा तथा कोषहरु (रु. हजारमा) | (२७,४४६) | (२२८,२७७) | (७२,६५५) | १०३,४५८ | ९२,२४१ | २६३,७२५ | ४६४,६५१ |
| **जम्मा** | **८०४,५५४** | **६०३,७२३** | **७५९,३४५** | **९३५,४५८** | **१,१३२,२४१** | **१,३०३,७२५** | **१,५०४,६५१** |
| घटाउने : अपलेखन गर्न बाँकी खर्च | - | - | - | - | - | - | - |
| **कुल नेटवर्थ** | **८०४,५५४** | **६०३,७२३** | **७५९,३४५** | **९३५,४५८** | **१,१३२,२४१** | **१,३०३,७२५** | **१,५०४,६५१** |
| शेयर संख्या ('००० मा) | ८,३२० | ८,३२० | ८,३२० | ८,३२० | १०,४०० | १०,४०० | १०,४०० |
| प्रति शेयर नेटवर्थ (रु.) | ९६.७० | ७२.५६ | ९१.२७ | ११२.४३ | १०८.८७ | १२५.३६ | १४४.६८ |
| खुद नाफा/नोक्सान | (८६,००५) | (२००,३६३) | १५५,६२२ | १७६,११४ | १६९,८९६ | १७१,४८४ | २००,९२६ |
| प्रति शेयर आम्दानी (रु.) | (१०.३४) | (२४.०८) | १८.७० | २१.१७ | १६.३४ | १६.४९ | १९.३२ |
| नेटवर्थमा प्रतिफल (%) | (१०.६९) | (३३.१९) | २०.४९ | १८.८३ | १५.०१ | १३.१५ | १३.३५ |
| प्रति शेयर चुक्ता पुंजी (रु.) | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा | | | | | | | २०.११ |

* *प्रक्षेपित वित्तीय विवरण कम्पनी आफैले तयार पारेको हो र सो वित्तीय विवरणहरु पुनरावलोकन गरी ठीक छ भनी किरण आचार्य एण्ड एसोसियट्सबाट प्रमाणित गरिएको छ।*

**(ख) विगत ३ वर्षको नेटवर्थमा भएको औषत प्रतिफल :** (७.७९)%

**ग.१०. धितोपत्र निष्काशन सम्बन्धी विवरण :**

**ग.१०.क) धितोपत्र जारी गर्नुको उद्देश्य :**

१) आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि कम्पनीको धितोपत्र निष्काशन तथा बिक्री गरी स्थानीय बासिन्दाहरुलाई लगानीको अवसर दिन।

२) कम्पनीको वित्तीय एवम् आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न।

३) प्रबन्धपत्रमा तोकिए बमोजिमको पूँजी संरचना कायम गर्न।

४) प्राथमिक सार्वजनिक निष्काशनबाट प्राप्त भएको रकम बैंकबाट लिइएको ऋण भुक्तानीका लागि प्रयोग गरिने।

**ग.१०.ख) धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :**

**(क) निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिने छ तत्सम्बन्धी विवरण :**

निष्काशनबाट प्राप्त हुने कुल रकम तल उल्लेखित शीर्षकमा प्रयोग हुनेछ :

| सि.नं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १. | बैंकबाट लिइएको ऋण भुक्तानी गर्न | २०,८०,००,०००/- |
| | **जम्मा** | **२०,८०,००,०००/-** |

**(ख) सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको उद्देश्य प्राप्ति गर्नको लागि अपनाइने वैकल्पिक व्यवस्था :**
पछिल्लो समयमा सर्वसाधारणमा धितोपत्र निष्काशन गरेका अधिकांश जलविद्युत कम्पनीहरुको सर्वसाधारणमा धितोपत्र निष्काशन गर्दा माग भन्दा बढी धितोपत्रको लागि दरखास्त परेको पाईएकोले यस कम्पनीको समेत धितोपत्र खरीदकालागि माग भन्दा बढी आवेदन आउने विश्वास कम्पनीले लिएको छ। आयोजनाको अति प्रभावित, प्रभावित तथा न्यून प्रभावित क्षेत्रका स्थानीयकालागि निष्काशन गरिएको धितोपत्र भन्दा कम धितोपत्र खरीदकालागि माग भएमा माग भएजति धितोपत्र शतप्रतिशत बाँडफाँड गरी बाँकी रहने धितोपत्र सर्वसाधारण समूहलाई छुट्याएको धितोपत्रमा थप गरी बिक्री वितरण गरिनेछ।
कथंकदाचित सर्वसाधारणको लागि निष्काशन गरिने धितोपत्र खरीदकालागि समेत पूर्ण रुपमा आवेदन प्राप्त नभएमा बिक्री नभई बाँकी रहने धितोपत्र खरीद गर्नकालागि श्री प्रभु क्यापिटल लिमिटेड, काठमाडौंद्वारा प्रत्याभूति सेवा प्रदान गरिएको छ।

**(ग) आयोजनाको संचालन स्थान, आयोजना चरणवद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण :** यस आयोजना सोलुखुम्बु जिल्ला स्थित हाल सोलु दुधकुण्ड वडा नं. २ र ३ (साविक बेनी, तामाखानी र सल्लेरी गा.वि.स. वडा नं. २, ३ र ४) गाउँपालिकामा पर्दछ। आयोजनाका लागि आवश्यक पर्ने जग्गा खरीदको कार्य, भवन तथा प्रवेशमार्ग जस्ता पूर्वाधारहरुको निर्माण कार्य आदि सम्पन्न भइसकेको छ। त्यसैगरी, आयोजनाको सम्पूर्ण निर्माण कार्यहरु सम्पन्न भई मिति २०८०/०३/०१ गतेदेखि व्यापारिक उत्पादन शुरु भई नेपाल विद्युत प्राधिकरणको १३२ कि.भि. प्रसारण लाइनबाट विद्युत बिक्री गरिरहेको छ।

**(घ) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यवसायिक उत्पादन शुरु हुने अनुमानित मिति :** आयोजनाको निर्माण कार्य शतप्रतिशत तथा परिक्षण उत्पादन समेत सम्पन्न भई २०८० आषाढ ०१ गतेदेखि व्यावसायिक उत्पादन शुरु भएको छ।

**(ङ) संगठित संस्थाले कुनै उपकरण खरीद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य, सप्लायर्सको नाम र सप्लायर्ससँग सम्भौता भएको भए सो को मूख्य-मूख्य बुँदाहरु :** सो नभएको।

**(च) कुनै पार्टीसँग प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, रेयल्टी, सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्भौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम, ठेगाना सम्बन्धी विस्तृत विवरण :** सो नभएको।

**(छ) उत्पादन सम्बन्धी आयोजना भए, सो को प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :**
**आयोजनाको प्रकृति :** जलविद्युत आयोजना

**प्रयोगकर्ता :** आयोजनाबाट उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणको राष्ट्रिय प्रशारण लाइन मार्फत सर्वसाधारणहरुले प्रयोग गरिरहेको।

**प्रतिस्पर्धा :** हाल प्रतिस्पर्धा नरहेको।

**लक्षित समूह :** नेपाल विद्युत प्राधिकरणका ग्राहकहरु।

**उत्पादन क्षमता :** यस जलविद्युत आयोजनाको विद्युत उत्पादन क्षमता १९.८ मेगावाट रहेको छ।

**(ज) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत :** सोलु खोलाको पानी।

**(झ) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत :** आफैले उत्पादन गरेको विद्युत र सोलु खोलाको पानी।

**(ञ) सार्वजनिक निष्काशनका लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्क सम्बन्धी विवरण :**

(अ) **निष्काशन तथा बिक्री प्रबन्धक :** यस विवरणपत्र मार्फत आयोजनाको अति प्रभावित, प्रभावित तथा न्यून प्रभावित क्षेत्रका स्थानीय बासिन्दा तथा सर्वसाधारणलाई बिक्री गरिने साधारण शेयरको निष्काशन तथा बिक्री प्रबन्धक सम्बन्धी कार्यका लागि रु. १०,००,०००/- निष्काशन तथा बिक्री प्रबन्धक श्री एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाडौंलाई सेवा शुल्कको रुपमा दिइनेछ।

(आ) **ट्रष्टि (डिवेन्चर/वण्ड निष्काशनको हकमा) :** सो नभएको।

(इ) **प्रत्याभूतिकर्ता :** यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु तथा सर्वसाधारणमा निष्काशन गर्न लागेको रु. २०,८०,००,०००/- रकम बराबरको शेयरको प्रत्याभूति गर्नका लागि श्री प्रभु क्यापिटल लिमिटेड, काठमाडौंद्वारा प्रत्याभूति सेवा प्रदान गरिएको छ।

(ई) **विज्ञहरु :** सो नभएको।

(उ) **लेखापरीक्षक :** यस कम्पनीको आ.व. २०८१/८२ को लेखापरीक्षण सम्बन्धी कार्य किरण आचार्य एण्ड एसोसियट्सले गर्नुभएको छ। सो कार्य गरे वापत निजलाई रु.२,२१,२३९/- शुल्क (कर बाहेक) भुक्तानी गरिएको छ।

यस कम्पनीले प्राथमिक सार्वजनिक गर्न इस्यूवर रेटिङ्ग ईक्रा नेपाल लिमिटेडमार्फत गराएको छ। सो कार्यको लागि निजलाई रु. २०५,०००/- शुल्क (कर बाहेक) भुक्तानी गरिएको छ।

(ऊ) **अन्य :**

**आयोजना अति प्रभावित, प्रभावित तथा न्यून प्रभावित क्षेत्रकालागि**

निष्काशन तथा बिक्री प्रबन्धकले तोकेको संकलन केन्द्रलाई आवेदन फाराम सहित रकम संकलन गरे वापत संकलित रकममा ०.०५% (शून्य दशमलव शून्य पाँच प्रतिशत) सेवा शुल्क दिने व्यवस्था गरिएको छ। सि-आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरु मार्फत आवेदन लिने सदस्य संस्थाहरुलाई संकलित रकममा कुनै शुल्क प्रदान गरिने छैन। निष्काशन तथा बिक्री प्रबन्धकले तोकेको संकलन केन्द्र मार्फत संकलित रकम जम्मा गर्नका लागि आवश्यकता अनुसार निष्काशन बैंकमा खाता खोल्न सकिनेछ र सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई अग्रिम रुपमा गराईने छ।

**सर्वसाधारणका लागि**

सि-आस्बा सदस्यता लिएका बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका शाखा कार्यालयहरु यस निष्काशनकालागि संकलन केन्द्रको रुपमा रहनेछन्। सि-आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई कुनै शुल्क कमिशन भुक्तान गर्नुनपर्ने र निजहरुले नेपाल धितोपत्र बोर्डले तोके बमोजिमको शुल्क निष्काशन तथा बिक्री प्रबन्धकलाई भुक्तान गर्नेछन्।

**ग.१०.ग) सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण :**

सो नभएको।

**ग.१०.घ) प्रिमियममा धितोपत्र जारी गर्ने भएमा प्रिमियम मूल्य निर्धारण गर्दा अपनाईएको विधि र औचित्य :**

यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयर प्रिमियम मूल्यमा नभई शेयरको अंकित मूल्य रु. १००/- मा निष्काशन गरिने छ।

**ग.१०.ङ) धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :**

**(क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया :**

**आयोजना अति प्रभावित, प्रभावित तथा न्यून प्रभावित क्षेत्रका स्थानीयहरुको सम्बन्धमा** : आयोजना अति प्रभावित, प्रभावित तथा न्यून प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि छुट्याइएको जारी पूँजीको १० प्रतिशतले हुन आउने १०,४०,००,०००/- बराबरको १०,४०,००० कित्ता शेयरकालागि स्थानीय बासिन्दाहरुबाट अत्याधिक माग भई आएको अवस्थामा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिकामा भएको व्यवस्था बमोजिम साधारण शेयरहरु बाँडफाँड गरिनेछ। आयोजना अति प्रभावित, प्रभावित तथा न्यून प्रभावित क्षेत्रका लागि छुट्याएको धितोपत्र पूर्ण रुपमा बिक्री नभई बाँकी रहेमा वा न्यून माग भएमा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ को दफा (४) को उपनियम (३) मा भएको व्यवस्था बमोजिम उक्त बाँकी रहेको शेयरहरु सर्वसाधारणहरुमा निष्काशन गरिने धितोपत्रमा थप गरी निष्काशन गरिने छ।

**वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको सम्बन्धमा :** नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुलाई सुरक्षित गरिएको सर्वसाधारणहरुमा निष्काशन गरिने १०,४०,००० कित्ता धितोपत्रको १० प्रतिशत हुन आउने १,०४,००० कित्ता साधारण शेयरका लागि वैदेशिक रोजगारीमा रहेका नेपालीहरुबाट अत्याधिक माग भई आएको अवस्थामा प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँड गरिनेछ। कम्पनीले वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई खरीद गर्न आव्हान गरेको धितोपत्र पूर्ण रुपमा बिक्री नभई बाँकी रहेमा वा न्यून माग भएमा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा (४) ख को उपदफा (६) मा भएको व्यवस्था बमोजिम उक्त बाँकी रहेको शेयरहरु सर्वसाधारण समूहमा थप गरी जारी गरिनेछ।

**सर्वसाधारण शेयरधनीहरुको सम्बन्धमा :** यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर खरीदकालागि आवेदनकर्ताहरुबाट अत्याधिक माग भई आएको अवस्थामा प्राप्त भएका आवेदनहरुलाई धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ निर्देशिकामा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ। त्यसै गरी निष्काशन गरिएको अवधि भरमा समेत सर्वसाधारणहरुबाट न्यून माग भई आएको अवस्थामा बाँकी रहेको शेयर प्रत्याभूतिकर्ताबाट प्रत्याभूति सम्झौतामा उल्लेख भएको शर्त बमोजिम खरीद हुनेछ।

नोट : आयोजना अति प्रभावित, प्रभावित तथा न्यून प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुकालागि निष्काशन गरिने १०,४०,००० कित्ता साधारण शेयर र सर्वसाधारणमा निष्काशन गरिने १०,४०,००० कित्ता धितोपत्रको १० प्रतिशत अर्थात १,०४,००० कित्ता शेयर वैदेशिक रोजगारीमा रहेका नेपालीलाई निष्काशन गरिनेछ। आयोजना अति प्रभावित, प्रभावित तथा न्यून प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु र वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई खरीद गर्न आव्हान गरेको शेयर पूर्ण रुपमा बिक्री नभई बाँकी रहेमा वा न्यून माग भएमा उक्त बाँकी रहेको शेयरहरु सर्वसाधारणहरुमा निष्काशन गरिने धितोपत्रमा थप गरी निष्काशन गरिने छ। तथापि, सामूहिक लगानी कोष तथा कर्मचारीहरुलाई छुट्याइएको शेयरमा भने थप गरिने छैन। त्यस्तै, सामूहिक

लगानी कोष तथा कर्मचारीहरुलाई निष्काशन गरिएको धितोपत्र पूर्ण रुपमा बिक्री नभई बाँकी रहेको धितोपत्र सर्वसाधारणमा निष्काशित गरिने धितोपत्रमा थप गरी बिक्री गरिनेछ।

**(ख) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :** धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार आयोजना अति प्रभावित, प्रभावित तथा न्यून प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुलाई शेयर बाँडफाँड गरे पश्चात् बाँडफाँडमा नपरेको रकम आवेदनकर्ताले आवेदन फाराममा उल्लेख गरेको बैंक खातामा सोझै जम्मा हुने गरी IPS मार्फत फिर्ता भुक्तानी दिने व्यवस्था मिलाईने छ। आस्बा प्रणाली मार्फत आवेदन दिएका आवेदनकर्ताहरु (स्थानीय तथा सर्वसाधारण) को हकमा शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्विकृत र अस्विकृत भएको व्यहोरा उल्लेख गरी धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ को अनुसूची ७ बमोजिमको विवरण सम्बन्धित आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई उपलब्ध गराईनेछ र सोही विवरणका आधारमा सम्बन्धित आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँडमा नपरेको शेयर वापतको रकम सम्बन्धित आवेदकहरुको रोक्का रहेको बैंक खाता फुकुवा गरी फिर्ता गरिदिनेछ।

**(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :**

**<u>आयोजना अति प्रभावित, प्रभावित तथा न्यून प्रभावित क्षेत्रका बासिन्दाहरुको हकमा</u> :** संकलन केन्द्र मार्फत संकलित रकम मध्ये बाँडफाँडमा नपरेको रकम फिर्ता भुक्तानीमा ढिलाई भएमा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा २९ (३) मा भएको व्यवस्था बमोजिम धितोपत्र बिक्री बन्द भएको मितिदेखि भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम ब्याजदरको आधारमा हुन आउने ब्याज वापतको रकम सहित फिर्ता भुक्तानी गरिनेछ।

सि-आस्बा मार्फत आवेदन दिने आवेदकहरुको हकमा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ मा भएको व्यवस्था बमोजिम हुने हुँदा यो व्यवस्था लागू हुने छैन।

**<u>वैदेशिक रोजगारीमा रहेका नेपाली तथा सर्वसाधारण शेयरधनीको हकमा</u> :** वैदेशिक रोजगारीमा रहेका नेपाली तथा सर्वसाधारणहरुबाट सि-आस्बा मार्फत आवेदन प्राप्त हुने हुँदा निजहरुको हकमा धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ मा भएको व्यवस्था बमोजिम हुने हुँदा यो व्यवस्था लागू हुने छैन।

**(घ) धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधि :**

**<u>आयोजना अति प्रभावित, प्रभावित तथा न्यून प्रभावित क्षेत्रका बासिन्दाहरुको हकमा</u> :** यस विवरणपत्र मार्फत आयोजना अति प्रभावित, प्रभावित तथा न्यून प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि जारी गरिने १०,४०,००० कित्ता साधारण शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ तथा नेपाल धितोपत्र बोर्डको प्रचलित व्यवस्था अनुसार निर्धारित समयभित्र बाँडफाँड गरी निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइट मार्फत सो को जानकारी गराइनेछ। बाँडफाँडबाट कायम भएका शेयरधनीहरुलाई प्रमाणपत्र जारी नगरी बाँडफाँडमा परेको शेयर निजहरुले उपलब्ध गराएको हितग्राही खातामा जम्मा गरिने व्यवस्था मिलाइनेछ। हितग्राही खाता नभई भौतिक आवेदन फाराम मार्फत आवेदन दिई बाँडफाँडमा परेका आवेदनकर्ताहरुलाई निजहरुले हितग्राही खाता उपलब्ध गराए पश्चात् क्रमशः निजहरुले उपलब्ध गराएको हितग्राही खातामा जम्मा गरिने व्यवस्था मिलाइनेछ। आयोजना अति प्रभावित, प्रभावित तथा न्यून प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुलाई बाँडफाँड गरिएको शेयर सर्वसाधारणलाई शेयर बाँडफाँड भएको मितिले ३ वर्षसम्म बिक्री वितरण गर्न नपाईने गरी हितग्राही खातामा जम्मा गरिनेछ।

**<u>वैदेशिक रोजगारीमा रहेका नेपाली तथा सर्वसाधारण शेयरधनीको हकमा</u> :** यस विवरणपत्र मार्फत सर्वसाधारणको लागि जारी गरिने १०,४०,००० कित्ता (आयोजना अति प्रभावित, प्रभावित तथा न्यून प्रभावित क्षेत्रका बासिन्दाहरुबाट खरीद नभई शेयर बाँकी रहन गएमा सो समेत) साधारण शेयरहरुको प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको निर्धारित समयभित्र बाँडफाँड गरी सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता तथा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचिकरण भए पश्चात् आवेदन फाराममा उल्लेख भएको हितग्राही खातामा बाँडफाँडमा परेको शेयर वितरण/जम्मा गर्ने व्यवस्था मिलाईनेछ।

**(ङ) धितोपत्र सूचीकरण भई सकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नपर्ने शर्तहरु सम्बन्धी विवरण :** निष्काशन गर्ने साधारण शेयर हाल सूचिकरण भैसकेको छैन।

**(च) धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्र प्रचलित ऐन नियम अनुसार सहज खरीद-बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्बन्धी विवरण :** हालसम्म सूचिकरण भई नसकेको हुँदा यस शेयरको बाँडफाँड पश्चात् नेपाल स्टक एक्सचेञ्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको नियमानुसार शेयरको सूचिकरण गराई धितोपत्रको कारोबार गर्ने व्यवस्था मिलाईने छ।

**ग.१०.च) प्रत्याभूति सम्बन्धी विवरण :**

**(क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :** यस विवरणपत्र मार्फत आयोजना अति प्रभावित, प्रभावित तथा न्यून प्रभावित क्षेत्रका स्थानीय बासिन्दा तथा सर्वसाधारणमा निष्काशन गर्न लागेको रु. २०,८०,००,०००/- मूल्य बराबरको रु. १००/- अंकित दरका २०,८०,००० कित्ता शेयरको खरीद प्रत्याभूतिकालागि श्री प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौंद्वारा खरीद प्रत्याभूतिको प्रतिबद्धता सहित सम्झौता भएको छ।

**(ख) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य-मुख्य बूँदाहरु :**

प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य-मुख्य बूँदाहरु देहाय बमोजिम रहेको छ :

१. यस कम्पनीले सर्वसाधारणमा निष्काशन गर्न लागेको २०,८०,००० कित्ता शेयर रु. १००/- अंकित दरले हुन आउने रु. २०,८०,००,०००/- (अक्षेरपी बीस करोड असी लाख करोड मात्र) सम्मको प्रत्याभूतिकर्ता श्री प्रभु क्यापिटल लिमिटेडले खरीद प्रत्याभूति गर्न मञ्जुर गर्दछ। प्रत्याभूतिको दायित्व प्रत्याभूत गर्न मञ्जूर गरेको शेयर संख्यासम्म मात्र सिमित हुन्छ।
२. कम्पनीले प्रत्याभूति सेवा प्राप्त गरे वापत प्रत्याभूतिकर्तालाई रु. २६०,०००/- (अक्षेरपी दुई लाख साठी हजार रुपैयाँ मात्र) भुक्तान गर्न दुवै पक्ष मञ्जुर गर्दछौं।
३. यस कम्पनीको तर्फबाट सर्वसाधारणकालागि निष्काशन गर्न लागिएको शेयर सर्वसाधारणमा बिक्री गर्दा निष्काशित सम्पूर्ण शेयरकालागि आवेदन प्राप्त भएमा प्रत्याभूति सम्झौता बमोजिम प्रत्याभूतिकर्तामा रहेको दायित्व स्वतः पूरा हुनेछ।
४. दुवै पक्षको आपसी सहमतिमा भएको यस सम्झौतामा प्रत्याभूतिकर्ताको दायित्व आफुले कबोल गरेको हदसम्म मात्र सिमित हुनेछ। कथंकदाचित प्रस्तुत सम्झौता बमोजिम कुनै एक पक्षले पुरा गर्नुपर्ने आर्थिक दायित्व पुरा नगरेमा अर्को पक्षले सो दायित्व पूरा गराउन प्रचलित ऐन नियम अनुसार कारवाही गर्न दुवै पक्ष मञ्जुर गर्दछौं।

५. शेयर प्रत्याभूति सम्झौताको समयावधि सम्झौता भएको मिति २०८२/०९/२२ गतेबाट ६ महिना सम्म मात्र हुनेछ।

६. निष्काशन कम्पनीले निष्काशन गर्न लगेको शेयरको निष्काशन तथा बिक्री खुला हुनु अगावै कुनै प्रकारको निष्काशनलाई प्रभावित हुने प्रकृतिको जस्तै : कुनै गम्भिर कानूनी कारवाही परेमा, सञ्चालक समितिमा सारभूत परिवर्तन भएमा, प्रमुख व्यवस्थापकहरु परिवर्तन (आन्तरिक सरुवा बाहेक) भएमा, कम्पनीले नेपाल धितोपत्र बोर्डमा पेश गरेको विवरणपत्रमा उल्लेखित विवरणहरु त्रुटिपूर्ण वा पर्याप्त नभएको वा कुनै विवरण पेश नगरेको कारण धितोपत्रको स्वीकृति पूर्व वा पश्चात् निष्काशन कार्य प्रभावित भई प्रत्याभूति गर्नुपर्ने अवस्था आएमा, अप्रत्याशित रुपमा ठूलो दायित्व श्रृजना भएमा वा कम्पनीले अप्रत्याशित रुपमा ठूलो नोक्सानी व्यहोर्नुपर्ने भएमा सो कुराको जानकारी सार्वजनिक रुपमा आउनु अगावै लिखित रुपमा प्रत्याभूतिकर्तालाई गराउनु पर्नेछ। सो जानकारी प्राप्त भएपछि प्रत्याभूतिकर्ताले त्यसबाट पर्न जाने जोखिमको पूनर्मूल्याङ्कन गरी सम्झौतापत्र प्रत्याभूतिकर्ताले रद्द समेत गर्न सकिनेछ।

७. सम्झौतामा भएका शर्त तथा बन्देजहरु दुवै पक्षको आपसी सहमतिमा फेरबदल गर्न सकिनेछ। यस्तो फेरबदललाई सम्झौताको अभिन्न अंग मानिनेछ।

८. यस सम्झौताको कार्यान्वयन प्रचलित कानून तथा मुलुकी देवानी (संहिता), २०७४ बमोजिम हुनेछ।

**ग.१०.छ) आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु :**

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :** धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ/गरिनेछ। साथै, लाभांश, हकप्रद शेयर आदि सम्बन्धी विवरण कम्पनीले नियमित रुपमा आर्जन गर्ने मुनाफा तथा कम्पनीको पूँजी योजना अनुसार प्रचलित कानुन बमोजिम गरिनेछ।

**(ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सकिने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सकिने हो सो सम्बन्धी विवरण :**

१. कम्पनीको प्रबन्धपत्र तथा नियमावली कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ०५, काठमाडौं र यस निष्काशन कार्यकालागि नियुक्त धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राखी प्राप्त गर्न सकिने छ।

२. आयोजना अति प्रभावित, प्रभावित तथा न्यून प्रभावित क्षेत्रका स्थानीय बासिन्दा, वैदेशिक रोजगारीमा रहेका नेपालीहरु तथा सर्वसाधारण आवेदकले कम्तीमा १० (दश) कित्ता शेयर खरीदका लागि आवेदन दिनुपर्नेछ। १० (दश) कित्ताभन्दा बढी शेयरका लागि आवेदन दिंदा १० (दश) अङ्कले भाग जाने संख्यामा अधिकतम १०,००० कित्ता शेयरका लागि आवेदन दिन सक्नेछन्।

**(ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहक परिचय पत्र र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

**आयोजना अति प्रभावित, प्रभावित तथा न्यून प्रभावित क्षेत्रका बासिन्दाहरुको हकमा :**

आयोजना अति प्रभावित, प्रभावित तथा न्यून प्रभावित क्षेत्र सोलुखुम्बु जिल्लामा स्थायी बसोबास गर्ने स्थानीय बासिन्दाहरुले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा खरीद गर्न आवेदन दिन सक्नेछन् :

१. आवेदकले दरखास्त फाराममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी आयोजना अति प्रभावित, प्रभावित तथा न्यून प्रभावित क्षेत्रको बासिन्दा प्रमाणित/पुष्टी हुने कागजात/प्रमाणपत्र सहित दरखास्त फाराम बुझाउनुपर्नेछ।

२. १६ वर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपी स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फाराम बुझाउँदा पेश गर्नुपर्नेछ। स्थानीयको बारेमा कुनै विवाद आएमा सो क्षेत्रमा स्थायी रुपमा बसोबास गरेको व्यहोरा सम्बन्धित नगरपालिकाले सिफारिश गरेको हकमा निजलाई स्थानीयको रुपमा मान्यता दिइनेछ।

३. १६ वर्ष भन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपी संरक्षकद्धारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ। साथै, दरखास्त फाराममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नुपर्नेछ।

४. नेपाल धितोपत्र बोर्डबाट यस विवरणपत्र स्वीकृत भएको मिति वा सो पूर्व अन्य जिल्लाबाट विवाह भै आएका महिलाका हकमा विवाह-दर्ता प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनु पर्नेछ।

५. अन्य जिल्लाबाट आयोजना अति प्रभावित, प्रभावित तथा न्यून प्रभावित क्षेत्रमा बसाईं सराई गरी आएका बासिन्दाले यस विवरणपत्र स्वीकृत भएको मितिसम्ममा बसाई सराई गरी आएको व्यहोरा तथा मिति उल्लेख गरिएको स्थानीय निकायबाट जारी बसाई सराईको प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ।

६. आयोजना अति प्रभावित, प्रभावित तथा न्यून प्रभावित क्षेत्रको स्थानीय बासिन्दा हो वा होईन भन्ने सम्बन्धमा वा शेयर खरीद प्रक्रियामा कुनै विवाद आएमा सम्बन्धित नगरपालिका वा जिल्ला समन्वय समितिबाट स्थानीय हो भन्ने व्यहोराको निर्णय सहितको सिफारिस पत्र पेश गर्नुपर्नेछ।

७. १६ वर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी आयोजना अति प्रभावित, प्रभावित तथा न्यून प्रभावित क्षेत्र छोडी अन्य क्षेत्र वा जिल्ला गएका महिला एवं जिल्ला छोडी बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन।

८. आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नाबालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानून बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ।

९. धितोपत्र खरीद गर्नका लागि दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरीदको लागि दरखास्त बुझाउनु पर्नेछ।

१०. आवेदन फाराम बुझाउँदा दरखास्त फाराममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फाराम बुझाउनु पर्नेछ।

११. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एउटा मात्र आवेदन गरेको हुनु पर्नेछ। यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ।

१२. साधारण शेयर खरीद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फाराममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरीदका लागि दरखास्त बुझाउनु पर्नेछ। यसरी दरखास्त फाराममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरुमा दरखास्त फाराम बुझाएको दरखास्त फारामलाई रद्द गरिनेछ।

१३. आयोजना अति प्रभावित, प्रभावित तथा न्यून प्रभावित क्षेत्रका बासिन्दाहरुकालागि निष्काशन गरिने शेयरमा बाँडफाँडमा परेका स्थानीयहरुले सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुन: आवेदन दिन पाउने छैनन्।

१४. सम्पूर्ण दरखास्तवालाहरु (नाबालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फाराममा खुलाउनु पर्नेछ। दरखास्तवालाले दरखास्त फाराममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नुपर्नेछ।

१५. रु. ५०,०००/- भन्दा बढी रकमको लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नुपर्नेछ।

१६. आयोजना अति प्रभावित, प्रभावित तथा न्यून प्रभावित क्षेत्रका स्थानीयहरुले नेपाल धितोपत्र बोर्डबाट सि-आस्बा (C-ASBA) सदस्य प्राप्त गरेका बैंक तथा वित्तीय संस्थाहरुबाट समेत आवेदन फाराम बुझाउन सकिनेछ। तर, त्यसरी सि-आस्बा मार्फत आवेदन दिने आवेदकको हितग्राही खातामा उल्लेख भएको विवरणमा नागरिकता जारी भएको जिल्ला सोलुखुम्बु, आयोजना अति प्रभावित, प्रभावित तथा न्यून प्रभावित क्षेत्र भित्र पर्ने स्थायी ठेगाना अनिवार्य उल्लेख भएको हुनुपर्नेछ। सो बाहेक अन्यत्र जिल्लाबाट जारी भएको नागरिकता वा हितग्राही खाताको विवरणमा आयोजना अति प्रभावित, प्रभावित तथा न्यून प्रभावित क्षेत्र नखुलेको अवस्थामा त्यस्तो आवेदनलाई बाँडफाँडमा समावेश गरिने छैन। त्यस्ता आवेदकले तोकिएको संकलन केन्द्र मार्फत नै आफु स्थानीय भएको पुष्टी हुने आवश्यक कागजात पेश गरी भौतिक आवेदन पेश गर्नुपर्नेछ।

१७. हितग्राही खाता भएका स्थानीयले संकलन केन्द्र मार्फत भौतिक रुपमा आवेदन गर्दा आफ्नो हितग्राही खाता नं. समेत आवेदन फाराममा उल्लेख गर्न सक्नेछन्। त्यस्ता आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजको आवेदन फाराममा उल्लेख भएको हितग्राही खातामा जम्मा गरिनेछ।

१८. रु. ५ लाख भन्दा बढी रकमको आवेदन दिने आवेदकले अनिवार्य रुपमा आफ्नो स्थायी लेखा नं. (PAN) को प्रतिलिपि समेत आवेदन फारामसाथ पेश गर्नुपर्नेछ। रु. ५ लाख भन्दा बढी रकमको आवेदन दिने आवेदकहरुले आफुले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ।

**वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको हकमा :**

१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति लिई विदेशमा बसी रोजगारी गरिरहेका नेपालीहरुले यस विवरणपत्र अनुसार आवेदन गर्न पाउनेछन्।

२. यस विवरणपत्र अनुसार धितोपत्र खरीद गर्न चाहने नेपालीहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ।

३. शेयरमा आवेदन गर्न विप्रेषण (रेमिट्यान्स) बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनु पर्नेछ।

४. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले यसरी आवेदन गर्नका लागि डिम्याट अनिवार्य रहेकाले सम्बन्धित निक्षेप सदस्यहरुबाट प्रदान गरिने अनलाईट पोर्टलहरुबाट पनि डिम्याट खाता खोल्न सक्नेछन्।

५. निष्काशित शेयरमा आवेदन दिएका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन्।

६. आयोजना अति प्रभावित, प्रभावित तथा न्यून प्रभावित क्षेत्रका बासिन्दाकालागि निष्काशन गरिएको शेयरमा बाँडफाँडमा परेका शेयरधनीहरुले यस निष्काशनमा आवेदन दिन पाउने छैनन् र यदि आवेदन गरेको पाइएमा सो आवेदन स्वत: अयोग्य ठहरिने छ।

७. आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाले ASBA अन्तर्गत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य संचालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ।

८. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन्। त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ।

९. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँडमा समावेश नगरिने हुँदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ।

१०. आवेदकले आवेदन फाराम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसँग आवेदन फाराम भरी बुझाउनु पर्नेछ :

- क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम।
- ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना।
- ग. खरीद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा)।
- घ. खरीद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा)।
- ङ. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम।
- च. आवेदकको हितग्राही (DEMAT) खाता नम्बर।

११. आवेदकहरुले आवेदन दिंदा आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनुहुँदैन।

१२. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ।

१३. एक व्यक्तिले आफूले खरीद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ।

१४. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई रद्द गरिने हुँदा सो कुराको जानकारी आवेदक स्वयंले बुझ्नुपर्नेछ।

१५. धितोपत्र बाँडफाँड गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ।

१६. शेयरको बाँडफाँड गरी सूचीकरण भए पश्चात् बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकाले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नम्बर आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ।

१७. रु. ५ लाख भन्दा बढी रकमको आवेदन दिने आवेदकले अनिवार्य रुपमा आफ्नो स्थायी लेखा नम्बर (PAN) को प्रतिलिपि समेत आवेदन फारामसाथ पेश गर्नुपर्नेछ। रु. ५ लाख भन्दा बढी रकमको आवेदन दिने आवेदकहरुले आफुले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ।

**सर्वसाधारण शेयरधनीको हकमा :**

१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र अनुसार जारी गरिने शेयर खरीद गर्न आवेदन दिन सक्नेछन्।

२. आस्बा प्रणाली अन्तर्गतको आवेदन दिंदा भर्नुपर्ने अनुसूची ४ को सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा खुलाउनु पर्नेछ।
   - क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम।
   - ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नम्बर, दस्तखत, सम्पर्क फोन नम्बर, इमेल ठेगाना।
   - ग. नाबालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता।
   - घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा)।
   - ङ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा)।
   - च. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नम्बर र खाताको किसिम।
   - छ. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर।

३. आवेदकहरुले आवेदन दिंदा आस्बा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रीय (Dormant) रहेको हुनुहुँदैन।

४. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ।

५. "धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" अनुरुप आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुका सम्बन्धित बैंक तथा वित्तीय संस्थाले नै बाँडफाँडमा नपर्ने लगानीकर्ताको धितोपत्र खरीदको आवेदन बमोजिम रोक्का राखेको खाताको रकम मात्र रोक्का फुकुवा गरिदिनेछ।

६. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ।

७. दरखास्त फाराममा गलत विवरण भरेको वा उल्लेख गर्नुपर्ने सम्पूर्ण विवरण उल्लेख नगरेको वा भरेको नपाइएमा सो दरखास्त फारामलाई रद्द गरिनेछ।

८. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई रद्द गरिने हुँदा सो कुराको जानकारी आवेदक स्वयंले बुझ्नु पर्नेछ।

९. धितोपत्र बाँडफाँड गर्नु पूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ।

१०. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात् बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकाले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नम्बर आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ।

११. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नम्बर र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँडमा समावेश नगरिने हुँदा आवेदन फाराममा भरेको हितग्राही खाता नम्बर आवेदक स्वयंले यकिन गर्नुपर्नेछ।

१२. रु. ५ लाख भन्दा बढी रकमको आवेदन दिने आवेदकले अनिवार्य रुपमा आफ्नो स्थायी लेखा नम्बर (PAN) को प्रतिलिपि समेत आवेदन फारामसाथ पेश गर्नुपर्नेछ। रु. ५ लाख भन्दा बढी रकमको आवेदन दिने आवेदकहरुले आफुले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ।

**ग.११ सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :**

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्थासँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

| सि.नं. | नाम | संस्थासँगको सम्बन्ध | कारोबारको प्रकृति | आ.व. २०८०/८१ केरोबार रकम (रु.) | आ.व. २०८१/८२ केरोबार रकम (रु.) |
|---|---|---|---|---|---|
| १. | गणेश कार्की (प्रतिनिधि युग होलडीङ प्रा.लि.) | अध्यक्ष | भत्ता प्राप्त गरिएको | २,०४,०००/- | २,४०,०००/- |
| २. | हिरेन्द्र मान प्रधान (प्रतिनिधि वान वो वान कम्पनी लि.) | संचालक | भत्ता प्राप्त गरिएको | २,०४,०००/- | २,४०,०००/- |
| ३. | वाई कुमार श्रेष्ठ | संचालक | भत्ता प्राप्त गरिएको | २,०४,०००/- | २,४०,०००/- |
| ४. | सोनम छिरिङ शेर्पा | संचालक/आधारभूत शेयरधनी | भत्ता प्राप्त गरिएको | २,०४,०००/- | २,४०,०००/- |
| ५. | पेम्बा गेल्बु शेर्पा | संचालक/आधारभूत शेयरधनी | भत्ता प्राप्त गरिएको | २,०४,०००/- | २,४०,०००/- |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | समन मानन्धर | प्रमुख कार्यकारी अधिकृत | तलब र इन्धन खर्च प्राप्त गरिएको | ८,०५,०००/- | १४,९५,०००/- |

(क) **संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रुपमा रहेको व्यक्ति :** माथिको तालिकामा उल्लेख गरिएको छ।

(ख) **आधारभूत शेयरधनी :** माथिको तालिकामा उल्लेख गरिएको छ।

(ग) **खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवारको सदस्य :** सो नभएको।

(घ) **संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था :** सो नभएको।

(ङ) **संगठित संस्थाको वा यसको सहायक कम्पनीले हालको सञ्चालक वा निजको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा वित्तीय संस्थाको सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुरा :** सो नभएको।

(च) **कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको व्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदिको विवरण** : सो नभएको।

**ग.१२ विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :**

**विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु :**

सो नभएको।

**ग.१३ सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो सम्बन्धी विवरण :**

(क) **संगठित संस्थाको विगत ३ आर्थिक वर्षको त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको शेयर संख्या :**
सो नभएको।

(ख) **बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नुभन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोबार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्रको संख्या :**
सो नभएको।

**ग.१४ पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :**

**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखित गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण :**

सो नभएको।

**ग.१५ परामर्शदाता/विशेषज्ञ सम्बन्धी विवरण :**

क) **लेखापरीक्षक/प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

- **लेखापरीक्षक :** कम्पनीको आ.व. २०८१/०८२ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षण किरण आचार्य एण्ड एसोसियट्सले गर्नुभएको छ ।
- **निष्काशन बैंक (Bankers to the Issue) :** यस शेयर निष्काशनकोलागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ।

| क्र.सं. | निष्काशन बैंकको नाम, ठेगाना | खाताको नाम | खाता नम्बर |
|---|---|---|---|
